# सङ्घीय संसद्

# राष्ट्रिय सभा

# उन्नाइसौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# २६ माघ २०८२

# सोमवार

# बैठक सङ्ख्या- ७

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहालको अध्यक्षतामा दिनको १३:१८ बजे प्रारम्भ भयो।

(१३:१८ बजे) **सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरू, "शून्य समयमा" बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ। शून्यमा बोल्नका लागि प्रत्येक माननीय सदस्यलाई १/१ मिनेटको समय निर्धारण गरेको छु। सर्वप्रथम माननीय सदस्य गोमा देवी तिमल्सिना।

(१३:१९ बजे) **माननीय श्री गोमा देवी तिमल्सिना (नेपाल कम्युनिस्ट पार्टी, एकीकृत समाजवादी):-** सम्माननीय अध्यक्षज्यू, यो हाम्रो गरिबीको दलदलमा पुगेका हामी नेपालीहरू, आज पूर्वी पहाडी क्षेत्रका मेघालयमा काम गर्न जाने सिलसिलामा मेघालयमा त्यो सुरुङ कोइला खानीको सुरुङमा परेर हाम्रा पहिला खालीको सुरुमा परेर हामीलाई धेरै मान्छेहरूको क्षति भएको छ, मृत्यु भएको छ, केही घाइते हुनु भएको छ, केही बेपत्ता हुनु भएको छ र मृत्यु हुनेको लास नेपाल सम्म ल्याउन नसकिरहेको अवस्थामा नेपाल सरकारले ती मृत्यु भएको लास नेपाल ल्याउने र घाइतेलाई उपचार गर्ने

बेपत्ता, भएको खोजी गर्ने काममा छिटो भन्दा छिटो सरकारले ध्यान पुऱ्याओस् भन्ने म सम्माननीय अध्यक्ष मार्फत ध्यानाकर्षण गराउन चाहान्छु। धन्यवाद।

(१३:२० बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य जयन्ती देवी राई।

(१३:२० बजे) **माननीय श्री जयन्ती देवी राई (नेपाल कम्युनिस्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्ष महोदय, म सबभन्दा पहिला म वरिष्ठ कलाकार सुनिल थापाप्रति र महिला आन्दोलनको जीवन भरि सङ्घर्ष हरेक परिवर्तनमा आफ्नो भूमिका अव्वल बनाउने डाक्टर मिना आचार्यप्रति म भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु र यसका साथै म यो २३ र २४ गतेको आन्दोलनमा गम्भीर घाइते हुनु भएका भाइ रविजी लगायतका थुप्रै घाइते एकदमै बेहाल अवस्थामा छ। रविजीलाई त अहिले भारतबाट चार महिनाको उपचारपछि उहाँको गम्भीर अवस्था छ, उहाँको हात काटिएको छ, त्यस्तै अरू पनि थुप्रै घाइतेहरू छन्। मर्न भन्दा पनि यो दिन दैनिक, हजार पटक मर्दै बाच्नु पर्ने कठिन अवस्था जुन सिर्जना भएको छ यसमा सरकारले पनि सोधिएको छैन र आन्दोलनकारीले पनि। यस ठाउँमा म सरकारको र आन्दोलनकारीको ध्यानाकर्षण गराउन चाहान्छु। धन्यवाद।

(१३:२१ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य दुर्गा गुरुङ।

(१३:२१ बजे) **माननीय श्री दुर्गा गुरुङ (नेपाली काङ्ग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, नेपाली काङ्ग्रेसको तर्फबाट सुदूरपश्चिम प्रदेशबाट राष्ट्रिय सभा निर्वाचित हुनु भएका माननीय स्वर्गीय बलदेव बोहराज्यू, प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु, साथै परिवारका सदस्यहरूप्रति गहिरो दुःख व्यक्त गर्दछु।

सम्माननीय अध्यक्षज्यू, विकास निर्माणका कार्यक्रमहरू रोकिँदा जनताहरूमा निराशा छाएको छ अघिल्लो सरकारले छुट्याएको विकास निर्माणका बजेट साउन महिना देखि नै सञ्चालन गर्ने भनिए तापनि एक्कासि भाद्र २३ र २४ गते भएको जेन्जी आन्दोलनका कारण सबै आयोजनाहरू वर्तमान सरकारले रोकि दिँदा दुर्गम क्षेत्रका जनताहरूलाई सडक, स्वास्थ्य, शिक्षा, खानेपानी जस्ता दैनिक जीवनमा उपयोग गर्ने योजनाहरू रोकिदा धेरै नै समस्याहरू देखा परेका छन्। जनताका लागि विकासका योजनाहरू कुनै पनि सरकारले रोक्न नहुने कुरा सम्माननीय अध्यक्षज्यू, मार्फत सरकारको ध्यानाकर्षण गर्दछु। हस् त धन्यवाद। जय नेपाल।

(१३:२२ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य नर बहादुर बिष्ट।

(१३:२३ बजे) **<u>माननीय श्री नर बहादुर बिष्ट (नेपाल कम्युनिस्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, म सर्वप्रथम माननीय स्वर्गीय माननीय बलदेव बोहराप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु र म नेपाल सरकारको ध्यानाकर्षण गराउन चाहन्छु कि फागुन २१ गते हुने चुनाव स्वतन्त्र, धाँधलीरहित सम्पन्न होस् त्यसको लागि विशेष आग्रह गर्न चाहन्छु। अहिले देशमा फागुन २१ को चुनाव लागिराखेको छ। अहिले देशमा १६५ निर्वाचन क्षेत्रमा चुनाव लागेको छ तर सबैभन्दा बढी झापामा दुई वटा अतिवादले चुनाव हुने कि नहुने र यसले भिडन्त निम्त्याउँछ कि निम्त्याउँदैन भन्ने आशङ्का पैदा गरेको छ। त्यसैले त्यो अतिवादलाई पनि समयमै राज्यले दिनुपर्ने सचेतता अपनाओस् भन्न चाहन्छु र समग्र रूपमा यो फागुन २१ गते हुने चुनावलाई स्वतन्त्र, धाँधलीरहित, निष्पक्ष ढङ्गले सम्पूर्ण नेपाली जनताले मताधिकार प्रयोग गर्न पाउन भन्ने आशा र राज्यले दिलाओस् धन्यवाद।

(१३:२४ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य भुवन बहादुर सुनार।

(१३:२४ बजे) **<u>माननीय श्री भुवन बहादुर सुनार (नेपाल कम्युनिस्ट पार्टी, माओवादी केन्द्र)</u>**:- अध्यक्ष महोदय, बजारमा उपभोग्य सामाग्रीहरूको अभाव, मूल्यवृद्धि क्रमशः बढिरहेको छ, यो चुनावकै मुखमा किन यस्तो भइरहेको छ ? ग्याँसको अभाव छ, खाने तेल, चामल नुन जस्ता खाद्यान्नको मूल्य वृद्धिलाई नियन्त्रण गर्न तुरुन्त बजार अनुगमन गरि कारबाही गर्न सरकारसँग माग गर्दछु। धन्यवाद।

(१३:२४ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य मदन कुमारी शाह "गरिमा"।

(१३:२५ बजे) **<u>माननीय श्री मदन कुमारी शाह "गरिमा" (नेपाल कम्युनिस्ट पार्टी, एकीकृत समाजवादी)</u>**:- सम्माननीय अध्यक्षज्यू, म अर्थशास्त्री, ऐतिहासिक व्यक्तित्व डा. मिना आचार्य र राष्ट्रिय सभा सदस्य बलदेव बोहोरा प्रति हार्दिक सद्धासुमन व्यक्त गर्न चाहान्छु। सम्माननीय अध्यक्षज्यू, यही माघ २२ गते राति बैतडीको पुलचोकी गाउँपालिका वडा नम्बर ७ को ध्वनिबाट वडा नम्बर ८ बझाङ फर्कदै गरेको यात्रु वाहक वस दुर्घटना हुँदा दुलहीका भाइ सहित १३ जनाको दुःखद निधन भएको छ। ४५ जना घाइते छन्, दुलहीका भाइबाहेक सबै एउटै गाउँका हुन। यस अकल्पनीय घटना प्रति दुःख व्यक्त गर्दछु। मृतक सबैमा हार्दिक श्रद्धाञ्जली घाइते सबैको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु। सुदूर पश्चिमका पहाडी सडकमा यस्ता घटना नौला होइनन, साँधुरा सडक र यातायातको नियम

पालन नगर्दा र नगराउँदा यस्ता दुःखद घटना घटि रहन्छन्। सम्माननीय अध्यक्षज्यू मार्फत सरकारलाई प्रश्न गर्न चाहन्छु सुदूर पश्चिमका सडकहरू कहिले सम्म मृत्युमात्र भइ रहन्छन। धन्यवाद।

(१३:२५ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य युवराज शर्मा।

(१३:२६ बजे) **माननीय श्री युवराज शर्मा (नेपाली काङ्ग्रेस):**- सम्माननीय अध्यक्षज्यू, प्रधानमन्त्री र मन्त्रीको पदमा बसी स्वयं पनि उम्मेद्वार बनी विगतमा सम्पन्न भएका निर्वाचनहरूको निष्पक्षता माथि कहिले सवाल उठेन जति आज उठ्दै छ। अग्रज नेता किसुनजीले त आफ्नो सरकारले गराएको निर्वाचनमा आफू स्वयं पराजित भएर पनि देश जनता र लोकतन्त्रलाई विजयी बनाएको कुरा कहिले बिर्सन सकिन्न। निष्पक्षताको पराकाष्ठा थियो त्यो। विगतका सरकार असंलग्न परराष्ट्र नीति सहित एक चीन नीतिमा समेत सचेत देखिन्थे। वर्तमानले सबै कुरा भताभुङ्ग पार्ने त होइन भने सर्वत्र चिन्ता व्याप्त छ। सम्माननीय अध्यक्षज्यू, प्रथम महिला प्रधानमन्त्री भनि इतिहासमा नाम लेखाएर मात्र पुग्दैन, इतिहास रच्न समेत सफल हुनुपर्दछ। विवस र बेवस कटपुत्लिको नाच त हिजो पनि देखाइएकै थियो। आज जनताको एकमात्र माग हो निष्पक्ष निर्वाचन जुन नागरिकको हक पनि हो त्यसको लागि अब वर्तमान संविधानका पक्षधरहरूको एकजुटता सहित कडा प्रस्तुति आवश्यक छ। म अन्तमा माननीय बलदेव बोहोराज्यू प्रति हार्दिक श्रद्धाञ्जली प्रकट गर्दछु। धन्यवाद।

(१३:२७ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य राजेन्द्र लक्ष्मी गैरे।

(१३:२७ बजे) **माननीय श्री राजेन्द्र लक्ष्मी गैरे (नेपाल कम्युनिस्ट पार्टी, एकीकृत समाजवादी):**- सम्माननीय अध्यक्षज्यू, स्वास्थ्य क्षेत्रमा विमाको विषयमा चर्चा गर्न चाहान्छु। स्वास्थ्य विमा लिएका निजी अस्पतालहरूले लामो समय सम्म सरकारबाट भुक्तानी सरकारबाट पाउने भुक्तानी दायित्व नपाको कुरा आएको छ र सरकार फेरी स्वास्थ्य विमाको मापदण्ड तयारी गर्ने भनेर हल्ला चल्दै रहेको छ यो हल्लाले यो स्वास्थ्य क्षेत्रमा काम गर्ने मान्छेलाई ऊर्जा हैन कि निराशा थपेको छ जनतालाई निराशा गराउने काम सरकारको तर्फबाट नहोस्। अन्योलता जनतालाई राख्नु हुदैन, यो कुरामा ध्यान जाओस भनेर म भन्न चाहन्छ अर्को कुरा दिनहुँ जस्तो हृदय घातको घटनाहरू हामीले सुनेका छौ। कहिले पूर्वमा कहिले पश्चिममा एक दिन पनि नबिराएर हामीले सुनेका छौ यो किन यस्तो भइरहेको छ। यसको खोज अनुसन्धान होस् भन्न चाहन्छ। धन्यवाद।

(१३:२८ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य सुरेश कुमार आलेमगर।

(१३:२८ बजे) **माननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिस्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, केही मान्छेहरू यो देशमा राजनीतिक सुनामी ल्याउने भनेर बसिरहेका छन्। राजनीतिक सुनामी आउने हो कि होइन त्यो थाहा छैन त्यो सुनामीले यिनीहरूलाई मात्र बढार्ने हो कि अरूलाई पनि बढार्ने हो त्यो थाहा छैन। त्यसको लागि फागुन २१ गते सम्म कुर्नु पर्ने हुन्छ होला। त्यसैगरी केही मान्छे केही खान खोज्दै छ, केही मान्छेहरू त्यो मान्छे केही खान खोज्दै छन् र त्यो मान्छेले त्यो खान सक्ने हो कि होइन त्यो पनि थाहा छैन। र खुवाउने मान्छेहरूले त्यो मान्छेलाई खुवाउन सक्ने हो कि होइन त्यो पनि थाहा छैन। खाए पछि त्यो मान्छेले के गर्ने हो ? छाड्दै, छाड्दै, हिंड्ने हो कि त्यो पनि थाहा छैन। यो सबैको लागि सम्माननीय अध्यक्ष महोदय, फागुन २१ गते हुने चुनाव हामीले कुर्नै पर्ने हुन्छ होला। यो सबै राजनीतिक सुनामीको कुरा त्यो मान्छेले त्यो कुरा कुनै कुरा खान सक्ने, नसक्ने कुरा यो सबैको कटाक्ष फागुन २१ गते हुन्छ होला। हामी त्यसको प्रतिक्षामा छौं। धन्यवाद।

(१३:२९ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, शून्य समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यही समाप्त हुन्छ। माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकमा विशेष समय नरहने बेहोरा जानकारी गराउँछु। माननीय सदस्यहरू, संवैधानिक व्यवस्था बमोजिम ६ वर्ष पदावधि पूरा गरि एक तिहाइ माननीय सदस्यहरू, २०८२ फागुन २० गते देखि बिदाइ हुँदै हुनुहुन्छ। माननीय सदस्यहरूले सो अवधिमा सभा तथा समितिमा रही संसदीय अभ्यासका क्रममा प्राप्त गर्नु भएका अनुभव लगायतका समसामयिक विषयमा बोल्नका लागि समय माग गर्नु भएको छ। माननीय सदस्यहरूका अनुभव आगामी दिनमा उपयोगी समेत हुन सक्ने हुँदा माननीय सदस्यहरूलाई आफ्नो अनुभव प्रस्तुत गर्न समय उपलब्ध गराउँछौं। यसका लागि प्रत्येक माननीय सदस्यलाई १२ मिनेटको समय निर्धारण गरेको छु। सर्वप्रथम माननीय सदस्य डाक्टर बेदुराम भुसाल।

(१३:३१ बजे) **माननीय डा. बेदुराम भुसाल (नेपाल कम्युनिस्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्ष महोदय, आज अनुभव प्रकट गर्ने विशेष समयका लागि हार्दिक धन्यवाद छ। ६ वर्षका अनुभव सबै बताउन त यो १२ मिनेटमा निकै गाह्रो छ। त्यसले गर्दाखेरि म आज, अहिले सम्म मैले यहाँ लिखित भाषण कहिले पनि गरेको थिएन यो सभामा ६ वर्ष सम्म आज लिखितमा संक्षिप्तमै

पढ्ने विचार गरेको छु। त्यसका निम्ति अनुमति चाहन्छु। सम्माननीय अध्यक्ष महोदय, मैले छ वर्षमा यो सभामा रहेर काम गर्दाको अनुभव र अनुभूतिलाई संक्षिप्तमा निम्न प्रकार राख्न चाहन्छु।

१. सभामा बहाली र अपेक्षा:- म २०७६ फागुन २१ मा यस सभामा बहाली भएको थिए। यस सभामा प्रवेश गरिरहँदा मैले दुई प्रकारका अपेक्षा राखेको थिए। २०७६ फागुन २९ गते सभामा पहिलो मन्तव्य दिँदा व्यक्त गरिएका ती अपेक्षाहरू थिए।

१. मुलुकमा राजनीतिक परिवर्तन अनुरूप आर्थिक सामाजिक र सांस्कृतिक रूपान्तरण नभएको हुनाले समाज अगाडी बढ्न नसकेको यथार्थलाई ध्यानमा राखेर यो सभाले काम गर्नु आवश्यक छ।

२. यो सभा प्रबुद्ध सभा हो। यस प्रबुद्ध सभाले मुलुकले भोगिरहेका समस्याको न्यूनीकरण गर्न मुलुकलाई सहि दिशामा अगाडि बढाउन पहल गर्नुपर्दछ। म आफ्ना यिनै अपेक्षा अनुरूप नै सभामा प्रस्तुत भइ रहे। अहिले कार्यकाल सकिन लाग्दा फर्केर हेर्दा यस्तो लाग्छ कि यस सभाले सामान्यतः प्रबुद्ध सभाकै रूपमा त काम गरिरहेको छ तर मुलुकमा आर्थिक, सामाजिक, र सांस्कृतिक रूपान्तरण अभियान भने चल्नै सकेन जुन बेला मैले आर्थिक सामाजिक र सांस्कृतिक रूपान्तरण अभियान चलाउनु पर्ने उपयुक्त धारणा राखेको थिए त्यस बेला मुलुकमा म आफू समेत संलग्न रहेको नेपाल कम्युनिस्ट पार्टी ने.क.पा.को करिब दुई तिहाइ बहुमतको सरकार थियो। त्यस सरकारले उक्त अभियान सञ्चालन गर्न सक्थ्यो तर गरेन। पार्टीको नीति र जन अपेक्षा अनुरूप तत्कालीन सरकारले काम नगरेको हुनाले पार्टी पार्टीमा चर्को विवाद उत्पन्न भयो। फलस्वरूप पार्टी एकता भङ्ग भयो र सरकार पनि ढल्यो। पछि अनेक प्रकारका सरकारहरू बने तर पछि बनेका सरकारहरूले पनि अपेक्षा गरे अनुरूप मुलुकका मुलुकमा आर्थिक, सामाजिक, सांस्कृतिक रूपान्तरण अभियान सञ्चालन गर्न सकेनन्। जनताका लागि रोजगारीको अवसर सिर्जना हुन सकेन। भ्रष्टाचार नियन्त्रण र सुशासनको प्रत्याभूति दिन सकिएन। निरन्तर आवाज उठाइयो तर काम भएन। त्यसले गर्दा आज कार्यकाल सकिएर बिदा हुन लाग्दा उही कुरा दोहोऱ्याउनु पर्ने अवस्था छ।

२. ६ वर्षको कार्य विवरण: ६ वर्षको कार्यकालमा करिब एक वर्ष कोरोना भाइरसको प्रकोपका कारणले खुलेर काम गर्न पाइएन। अर्को एक वर्ष तत्कालीन प्रतिपक्षको अवरोधका कारणले काम गर्न पाइएन। करिब एक वर्ष नै नेपाल सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रीको

जिम्मेवारी सम्हालेको हुनाले यस सभाको नियमित काममा संलग्न हुन पाइएन। बाँकी समय म सभाको काममा पूर्ण सक्रियताका साथ लागे। सभाका बैठकमा म बिरलै अनुपस्थित भएको छु भने आफू रहेको समितिका बैठकमा मेरो उपस्थिति करिब ९० प्रतिशत छ। म सबैभन्दा बढी कानुन निर्माणमा सक्रिय भए। म समितिमा जति बसे विधायन व्यवस्थापन समितिमा नै बसे। समितिमा रहेको अवधिमा मैले ४८ वटा विधेयकको सैद्धान्तिक र दफावार छलफलमा सहभागी भइ धारणा राखेछु। करिब ६ महिना २०७९ भदौ २३ देखि चैत्र १६ सम्म विधायन व्यवस्थापन समितिको सभापति भएर काम गरेको थिए त्यस अवधिमा समितिका तीन वटा विधेयकसँग सम्बन्धित प्रतिवेदन र एउटा वार्षिक प्रतिवेदन सभामा पेस गरे समितिको वार्षिक कार्ययोजना निर्माण गर्ने र संविधान अनुसार बन्नुपर्ने कानुनहरू कति बने कति बनेका छैनन् भन्ने विषयमा अध्ययन गर्न एक उपसमिति गठन गरि त्यसलाई मार्गदर्शन गर्ने काम गरे। समितिमा रहदा ६ वटा कानुनको उत्तर विधायकी परीक्षणको काम र २ वटा अध्ययन अनुसन्धानका काम पनि गरिएछ। संविधान अनुसार बन्न बाँकी कानुन सम्बन्धी प्रतिवेदन कार्यान्वयनको अवस्था अध्ययन गर्न गठित उपसमितिको संयोजक भइ अध्ययन गरेर प्रतिवेदन तयार गरि समितिमा पेस गरेछु। समितिमा रहेर गरेका काम बाहेक सभामा चार वटा बजेटका सिद्धान्त र प्राथमिकता तथा चारवटा नै बजेटको छलफलमा सहभागी भइ धारणा राखेछु। तीन वटा वार्षिक नीति तथा कार्यक्रमको छलफलमा सहभागी भई धारणा राखेछु। सात पटक विशेष समय लिएर समसामयिक विषयमा धारणा राखेछु। चार पटक शून्य समय र एक पटक आकस्मिक समयमा धारणा राखेछु। दुई वटा संकल्प प्रस्तावको छलफलमा सहभागी भइ धारणा राखेछु। एउटा गैर सरकारी विधेयक सभामा पेस गरेछु। पाँच पटक सभाको अधिवेशन आरम्भको सन्दर्भमा र एक पटक अधिवेशन समापनको सन्दर्भमा मन्तव्य राखेछु। एक पटक मन्त्रीको हैसियतले सभालाई सम्बोधन गरेछु। दुई पटक सभामा नव निर्वाचित सदस्यहरूलाई स्वागत तथा शुभकामना मन्तव्य राखेछु। एक पटक सभाध्यक्षको निर्वाचनमा उम्मेदवारीको समर्थन गर्दै मन्तव्य दिनुका साथै निर्वाचित अध्यक्षलाई बधाई तथा शुभकामना मन्तव्य व्यक्त गरेछ। संक्षिप्तमा मैले गरेका कामहरू यीनै रहेछन् यो सभामा रहँदा।

३. अनुभव र अनुभूति :- छ वर्षको कार्यकालमा विभिन्न प्रकारका अनुभव र अनुभूति प्राप्त भएका छन्। ती अनुभव र अनुभूतिलाई सविस्तार यहाँ राख्न सम्भव छैन संक्षिप्तमा निम्न बुँदामा राख्न चाहन्छु।

पहिलो- म यस सभामा तत्कालीन नेपाल कम्युनिस्ट पार्टी ने.क.पा.को संसदीय दलको सदस्यका रूपमा प्रवेश गरेको थिए। ने.क.पा. विभाजित भएपछि मैले स्वतन्त्र सांसदको रूपमा बस्न चाहे तर पाइन। त्यसपछि म ने.क.पा. एकीकृत समाजवादीको राष्ट्रिय सभा दलको नेताको रूपमा रहे। अहिले बिदा हुन लाग्दा नेपाली कम्युनिस्ट पार्टीको राष्ट्रिय सभा दलको नेताको रूपमा रहेको छु। यो मेरा लागि एउटा अविस्मरणीय अनुभव हो भन्ने मलाई लाग्दछ।

दोस्रो- राष्ट्रिय सभामा प्रतिनिधि सभामा जस्तो राजनीतिक खिचातानी नगरी सामान्यतः सहमतिका साथ काम गर्ने गरिएको छ यो अर्को सुखद अनुभव र अनुभूति हो।

तेस्रो - विधेयकको छलफल र छलफल गर्ने र पारित गर्ने प्रक्रियामा सभामा वा समितिमा अपवाद बाहेक सर्वसम्मति हुने गरेको छ र विधेयकको छलफल र पारित गर्ने सन्दर्भमा विशेष अवस्थामा बाहेक दलीय हुइप पनि नलाग्ने गरेको छ। यो अर्को एउटा सकारात्मक अनुभव हो भन्ने मलाई लाग्दछ।

चौथो- विधि निर्माणका सन्दर्भमा केही असल परम्परा र मानकहरू स्थापित गरिएको छ। कैयन एकदमै राम्रा ऐनहरू बनेका छन्। एउटा विधि निर्माताको हिसाबले यसलाई मैले सकारात्मक अनुभवका रूपमा र अनुभूतिका रूपमा लिएको छु।

पाँचौ- हाम्रो कर्मचारीतन्त्र अहिले पनि परम्परागत मान्यताहरूबाट मुक्त हुन सकेको छैन। जसले गर्दा हाम्रा कानुनका कतिपय पक्षमा अझै पनि परम्परागत ढाँचा, ढर्रा रहने गरेको छ। यसलाई मैले नकारात्मक अनुभव र अनुभूतिको रूपमा लिएको छु।

४. विधेयकका प्रकार र परिमार्जन - सरकारबाट आउने विधेयकहरूको संरचना र वस्तु विषयवस्तुको प्रस्तुतिमा एकरूपता नहुँदा तिनिहरूको छलफल र परिमार्जन गर्न कठिन हुने गरेकोले राष्ट्रिय सभाको विधायन व्यवस्थापन समिति विशेष कै पहलमा संघीय संसदले विधायन ऐन २०८१ बनाएको थियो। त्यस ऐनले विधेयकको संरचना कस्तो हुनु पर्दछ ? ऐनमा कस्ता विषयहरू रहनुपर्छ ? र कस्ता विषयहरू रहनु हुँदैन कस्ता विषय प्रत्यायोजित गर्नुपर्दछ र कस्ता विषयहरू प्रत्यायोजित गर्न सकिँदैन भनेर स्पष्ट निर्देश गरेको छ। तर अहिले पनि सारवान् विषयहरू समेत प्रत्यायोजित गरेर विधेयकहरू आउने गरेका छन्। विधायन व्यवस्थापन समितिले

विधायन ऐनलाई पूर्ण रूपले अनुसरण गर्ने गरेको छ। सभामा सामान्यतः निम्न तीन प्रकारका विधेयक आउने गरेका छन्।

१. नयाँ ऐन निर्माण गर्ने विधेयक,

२. पुरानो ऐनलाई संशोधन र एकीकरण गर्ने विधेयक र

३. पुरानो ऐनका केही दफा मात्रै संशोधन गर्ने विधेयक

यी तीन प्रकारका विधेयकहरू मध्ये नयाँ ऐन निर्माण गर्ने विधेयक र पुरानो ऐनलाई संशोधन र एकीकरण गर्ने विधेयकका विधेयकहरूमा छलफल गर्दा संशोधन प्रस्ताव परेका वा नपरेका सबै दफा खुला गरि छलफल गर्ने र आवश्यक देखिएको परिमार्जन गरि पारित गर्ने गरिएको छ। पुराना ऐनका केही दफा मात्र संशोधन गर्न ल्याइएको विधेयकका सन्दर्भमा भने संशोधन गर्न प्रस्ताव गरिएको दफा मात्रै दफाहरूमा मात्रै छलफल गरि आवश्यक परिमार्जन गर्ने गरिएको छ।

५. असल परम्परा र मानक स्थापना :- हाम्रो राष्ट्रिय सभाले केही असल परम्परा र मानकहरू स्थापित गरेको छ। राष्ट्रिय सभाका सबै समितिहरूले आ-आफ्नो कार्यक्षेत्रमा एकदमै राम्रो काम गर्ने गरेका छन्। तथापि संसदको मुख्य काम ऐन निर्माण गर्ने हो भन्ने कोणबाट हेर्दा विधायन व्यवस्थापन समितिले सबैभन्दा राम्रो काम गरेको छ भन्दा अत्युक्ति हुँदैन भन्ने मलाई लाग्दछ। यसले विधि निर्माणका केही मानकहरू पनि स्थापित गरेको छ। राष्ट्रिय सभाले स्थापित गरेका असल परम्परा र विधायन व्यवस्थापन समितिले स्थापित गरेका मानकहरूलाई म निम्न बुँदामा राख्न चाहन्छु।

१. निर्धारित समयमा तल माथि कति नगरी ठिक समयमा सभा र समितिका बैठकहरू सञ्चालन गर्ने र वक्ताहरूले पनि निर्धारित समयमै आफ्नो धारणा राखिसक्ने

२. आवधिक कार्यकाल बनाएर काम गर्ने,

३. विधेयकको दफावार छलफल सम्बन्धित मन्त्रीको उपस्थितिमा मात्रै गर्ने,

४. विधेयकको दफावार छलफल गर्नु अघि सरोकारवालाहरूसँग छलफल गर्ने ,

५. ऐन प्रारम्भ हुने मिति तोक्ने,

६. कानुनमा सारवान् विषयहरू प्रत्यायोजित नगर्ने,

७. ऐन कार्यान्वयन मापनको व्यवस्था गर्ने,

सभालाई केही सुझाव

अध्यक्ष महोदय, अन्तिममा म थोरै मात्रै सुझाव राखेर बिदा हुन चाहन्छु। मेरा सुझावहरू निम्न प्रकार छन्।

१. सभाले अहिले सम्म स्थापित गरेका असल परम्परा र मानकहरूलाई आगामी दिनमा पनि कायमै राखोस् र अरू थप असल परम्परा र मानकहरू स्थापित गर्दै जाओस्।

२. यो सभा प्रतिनिधि सभाको प्रति छाया जस्तो नबनी छुट्टै पहिचान सहितको प्रबुद्ध सभाको रूपमा काम गर्ने सभा बनिरहोस्।

यीनै सुझावका साथ बिदा हुन चाहन्छु। धन्यवाद।

(१३:४१ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य इन्दिरा देवी गौतम।

(१३:४२ बजे) **<u>माननीय श्री इन्दिरा देवी गौतम (नेपाल कम्युनिस्ट पार्टी, एमाले)</u>** :- सम्माननीय अध्यक्ष महोदय, सर्वप्रथम त म राष्ट्रिय सभा सदस्य माननीय बलदेव बोहरा प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु। यसैगरी, अर्थशास्त्री मिना आचार्य प्रति पनि हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु। अध्यक्ष महोदय, मैले यो गरिमामय सदनबाट ६ वर्षमा प्राप्त गरेका जुन अनुभवहरू विस्तृत रूपमा भन्न त भ्याइँदैन पनि मैले सार संक्षेपमा यो सदन समक्ष राख्न चाहन्छु। राष्ट्रिय सभा संघीय संसदको उच्च सदनको रूपमा रहेको यस प्रतिष्ठित सदनमा ६ वर्ष सम्म सदस्यका रूपमा कार्य गर्न पाउनु मेरो राजनीतिक जीवनको महत्वपूर्ण र गौरवपूर्ण अनुभव रहेको छ। यस अवधिमा मैले विधायन, सरकारी निगरानी, नीति निर्माण, संसदीय मर्यादा, जन उत्तरदायित्वका विविध पक्षहरूलाई नजिकबाट जान्न र बुझ्ने अवसर पाएकी छु। यस सभामा मेरो कार्यकालमा संघीय कानुन निर्माणका विधेयकहरूमा छलफल संशोधन र पारित गर्ने प्रक्रियामा सहभागिता जनाउन पाइयो। विधेयकहरूमा प्रदेशको अधिकार स्थानीय तहको भूमिका समावेशिता, सामाजिक न्याय, संविधानका मर्मलाई केन्द्रमा राखेर सुझाव तथा संशोधन कार्यमा सहभागी हुनु मेरो जिम्मेवारी पनि हो तसर्थ, आर्थिक, सामाजिक, प्रशासनिक सुधार तथा सुशासनसँग सम्बन्धित कानुनहरूमा दीर्घकालीन प्रभाव पार्ने विषयहरूका छलफलमा सहभागी हुन पाउनु मेरो लागि महत्वपूर्ण सिकाई बनेको छ। राष्ट्रिय सभा अन्तर्गत बनेका समितिहरू मध्ये संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिमा रहेर मैले नीति विश्लेषण सरकारी काम कारबाहीको निगरानी, सार्वजनिक चासोका विषय, राष्ट्रिय हितका विविध सवालहरू, संघीयता कार्यान्वयन र तिनको तीनै तहको समन्वयमा सकेको भूमिका निर्वाह गर्ने अवसर प्राप्त भयो। समितिमा भएका छलफलहरूले बनेका कागजी कानुन र व्यवहारिक कार्यान्वयन बीचको अन्तर बुझ्न सहयोग पुऱ्याएको छ। यस क्रममा

मन्त्रालयलाई उत्तरदायी बनाउने बजेट माथिको छलफल र बजेट कार्यान्वयनमा समीक्षा गर्ने र सरोकारवालाका गुनासोलाई संसदीय माध्यमबाट उठाइदिने अभ्यासले संसदको दायित्व स्पष्ट रूपमा अनुभव गर्ने मौका मिलेको छ। ६ वर्षको कार्यकालमा विशेष समय, शून्य समय मार्फत जनताका समस्या, क्षेत्रगत माग, राष्ट्रिय चासोका विषयहरू सरकार समक्ष उठाएकी छु र उठाईसकेकी पनि छु। यसले मलाई संसद कानुन बनाउने मुख्य जिम्मेवारी भएको र सरकारलाई सहि मार्गमा राख्ने संवैधानिक संयन्त्र पनि हो भन्ने अनुभूति दिलाएको छ। तर दिएका सुझावहरू कति कार्यान्वयन भए भन्ने विषय सम्बन्धित निकायले इमानदार भएर आत्म समीक्षा गर्नुपर्दछ।

सम्माननीय अध्यक्ष महोदय, हाम्रो देशको भौगोलिक विविधता विकासमा देखिएका असमानतालाई विशेष ध्यान दिँदै यस सभाले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्दछ। राष्ट्रिय सभामा अनुभवी वरिष्ठ राजनीतिक व्यक्तित्व र विविध पृष्ठभूमिका माननीय सदस्यज्यूहरूसँग सहकार्य गर्दा, छलफल गर्दा सहमति र मर्यादाको संस्कार गहिरो रूपमा सिक्ने मौका पाए। मतभेदका बीच पनि राष्ट्रियतामा साझा निष्कर्ष निकाल्ने अभ्यासले लोकतान्त्रिक संस्कृतिलाई बलियो बनाउने आधार तयार हुने कुरामा हामी सबै सहमत हुनु उपयुक्त हुन्छ। अध्यक्ष महोदय, ६ वर्षमा धेरै राम्रा कामहरू यस सदनले गर्न सकेको छ ती धेरै कामहरू यहाँ प्रस्तुत गरि सक्नु पनि भएको छ र हामीले विशेष समय, शून्य समयहरूमा पनि उठाइरहेका छौं। ६ वर्षको अनुभवका क्रममा मैले बारम्बार महसुस गरेको एउटा गम्भीर समस्या भनेको राष्ट्रिय सभाबाट उठाइएका धेरै महत्वपूर्ण सुझाव, निर्देशन र संकल्प प्रस्तावहरू व्यवहारमा लागु नहुनुले राष्ट्रिय सभाको गरिमा र प्रभावकारितामा प्रश्न उठाएको छ। सभाबाट पारित भएका संकल्प, प्रस्ताव, सुझाव र निर्देशनलाई कार्यान्वयन गर्न बाध्य पार्ने कानुनी व्यवस्था कमजोर रहेको छ। यसलाई सल्लाहका रूपमा मात्र लिने गरेको मैले महसुस गरेको छु। त्यसमा मन्त्रालयहरू पनि गम्भीर देखिएनन्। कार्यान्वयनको समय सीमा पनि तोकिएन प्रगति प्रतिवेदन चासोका साथ माग्ने गरेको पनि पाइएन। मन्त्रीहरू र मन्त्रालयहरू राष्ट्रिय सभाका छलफलमा उठेका विषयहरूलाई प्राथमिकतामा राख्न इच्छुक देखिएनन् संसदको निगरानी भूमिका कमजोर रहेको ठानेकी छु। यस सभाको सुझावलाई औपचारिकतामा मात्र ठानेको महसुस भएको छ। सभामा उठेका धेरै सुझावहरू दलगत समीकरण सत्ता र विपक्षको राजनीतिक गतिविधिले अलमलिएको पाएँ, राष्ट्रिय मुद्दा पनि दलगत विवादमा खुम्चिने गरेको छ। समितिहरूले राम्रो प्रतिवेदन तयार गर्छन् र ती प्रतिवेदन त्यसको कार्यान्वयन अनुगमन गर्ने स्थायी संयन्त्र छैन कि जस्तो लागेको छ। प्रतिवेदनहरू यसै थन्काइन्छन् कि मन्त्रालयले हेर्छ पनि?

अध्यक्ष महोदय, संकल्प प्रस्ताव समिति प्रतिवेदन निर्देशनको कार्यान्वयन नगरे समय सीमा तोक्ने र प्रगति प्रतिवेदन कार्यान्वयन नगरे संसदमा स्पष्टीकरण दिनुपर्ने व्यवस्था गर्नुपर्ने देखिन्छ। प्रत्येक अधिवेशन पछि कुन-कुन सुझाव कार्यान्वयन भयो, कुन कुन भएन र किन हुन सकेन भन्ने आत्म समीक्षा रिपोर्ट सदनलाई उपलब्ध गराउने व्यवस्था भए कार्यान्वयनमा चासो बढ्ने थियो होला। राष्ट्रिय सभाले दिएका सुझाव महत्वपूर्ण थिए र छन् पनि तर कार्यान्वयन पक्षमा इमान्दारीता नदेखिदा कार्यान्वयन प्रणाली कमजोर रहेको महसुस गरेकी छु। अध्यक्ष महोदय, राजनीतिक इच्छा शक्ति, प्रशासनिक इमान्दारीता र नागरिक सचेतनाको समन्वय नभएसम्म समृद्धि विकास र लोकतन्त्र मजबुत हुन सक्दैन भन्ने महत्वपूर्ण सवालमा सबै जानकार नै हुनुहुन्छ तर २०८२ भदौ २३ र २४ गतेको त्यो हद सम्मको असन्तुष्टिबाट सृजित घटना जो कहिले नमेटिने बिर्सन नसकिने पिडा बोध छ। त्यो विद्रोह सुशासन सदाचार भ्रष्टाचार अन्त्य र सामाजिक सञ्जाल फुकुवाको मागबाट उठान भएको थियो तर त्यति मात्र जायज थिए तर त्यो मागले त्यो हद सम्मको अराजकता आतङ्क नेपाली जनताले चाहेको हो त ? अनि किन कसरी त्यस्तो अवस्था सिर्जना भयो हामी सबैले मनन गर्नुपर्दछ। गम्भीर समीक्षा हुनुपर्दछ। हामीले सोच्नै नसक्ने घटना बेहोर्नु पऱ्यो। बालबालिका युवाहरूको ज्यान गयो अपूर्णीय क्षति भयो।

राज्यका ऐतिहासिक संरचनाहरू ध्वस्त भए। यस सवाल यस खालको भयावय अवस्था अब कहिले नदोहोरियोस भन्नेमा हामी सबै सचेत बनौं। अध्यक्ष महोदय, संसदका कतिपय बैठकहरू राजनीतिक पार्टीको प्रचार मञ्च जस्तो गरी माननीय सांसदहरूले एकले अर्को दलको विरोध गर्ने र जनतामा निराशा छर्ने खालका टीकाटिप्पणीहरू पनि यदाकदा हुनै गरेका थिए। आरोप प्रत्यारोपमा पनि संसद् अलमलिएको भान हुन्थ्यो कहिलेकाहीं सदनको सम्मान र यस्को गरिमालाई हामीले कतिको ध्यान दियौ एउटा एकदम गम्भीर प्रश्न ममा उत्पन्न भएको छ। संसदले राष्ट्र र जनताको हित हुने गरि गुणस्तरीय समय सापेक्ष र व्यवहारिक कानुन बनाउन सक्नु पर्थ्यो र बनायो तर सबै पूर्ण हुन सकेनन्। कानुन बनाउँदा जनताको आवाज देशको आवश्यकता र संविधानको मर्मलाई प्राथमिकता दियौ कि दिएनौ ? राष्ट्रिय स्वाधीनता सार्वभौमसत्ता सामाजिक न्याय सुशासन र समृद्धिका विषयमा दीर्घकालीन सोचका साथ अघि बढ्ने गरि योजना तयार गर्ने सवाल र कार्यपालिकालाई सक्षम र जबाफदेही बनाउने हाम्रो भूमिका महत्वपूर्ण हो। तर कस्तो रह्यो ? सैद्धान्तिक रूपमा संसद शक्तिशाली भए पनि व्यवहारमा संसदको अवस्था अपेक्षाकृत कमजोर देखिएको छ। पर्याप्त छलफल बिना हतारमा सरकारको दबाबमा कतिपय कानुनहरू कम गुणस्तर भएका कानुनहरू हतारमा ल्याउने गरेकोले व्यापक आलोचना समेत हुने गरेका छन्। कतिपय कानुनहरू व्यवहारिक भन्दा पनि राजनीतिक स्वार्थ अनुकूल बनेको हुनाले

कानुनहरू पनि एक अर्कासँग बाझिएका छन्। कतिपय कानुन पुराना भइसकेका छन्। अत्यावश्यक धेरै कानुनहरू बनाउन सकिएको छैन अझै पनि। संसदले गर्ने मुख्य काम संविधान अनुकूल कानुन बनाएर जनतालाई काम गर्न सहज र पारदर्शी वातावरण बनाउनु पर्ने हो। तर हाम्रो काम गराई अत्यन्त कमजोर ढिलाइ सुस्ती झन्झटिलो रहेको छ। नेपालको संविधानले संसदलाई कानुन बनाउने मुख्य अधिकार दिएको छ तर व्यवहार अपेक्षाकृत रूपमा प्रभावकारी गुणस्तरीय हुन सकेको छैन भन्ने मलाई लागेको छ।

केही केहीमा मात्रै। अन्त्यमा, यो गरिमामय सदनमा मलाई सांसदको भूमिकाको जिम्मेवारी दिने मेरो पार्टी ने.क.पा. एमाले, कोशी प्रदेशका तत्कालीन मतदाताहरू, मलाई विभिन्न अवस्थामा सहयोग गर्नु हुने माननीय सांसदज्यूहरू, राष्ट्रसेवक कर्मचारीहरू मेरो समितिमा मेहनत मेहनतका साथ समितिलाई प्रभावकारी बनाउनको निमित्त अहोरात्र खट्ने समिति सचिव र समितिका सम्पूर्ण कर्मचारीहरू सुरक्षा निकाय, पत्रकार बन्धुहरू म प्रति र म प्रति शुभेच्छा राख्नु हुने सम्पूर्ण शुभचिन्तकहरू सबै प्रति कृतज्ञता व्यक्त गर्दछु। सधैं साथ सहयोगको अपेक्षा सहित म धन्यवाद भन्न चाहन्छु र मेरो ६ वर्षको अनुभव नकारात्मक कुरा मात्र धेरै आए भन्नु होला यहाँ थुप्रै सकारात्मक कुराहरू पनि व्यक्त भएका छन्। यो सदनले धेरै राम्रा कामहरू पनि गरेको छ र केही कम कमजोरीहरूलाई आगामी दिनमा यी कुराहरूमा विशेष ध्यान जाओस् भन्नका निमित्त मैले यो कुराहरू औंल्याउन खोजेको हु। सदनले धेरै राम्रा अभ्यासहरू गरेका कुराहरू पूर्व मान्यज्यू, पूर्ववक्ता माननीयज्यूले राखिसक्नु भएको छ। यहाँ अत्यन्तै सकारात्मक कुराहरू पनि भएका छन् नयाँ अभ्यासहरू भएका छन्। तसर्थ, यो गरिमामय सदनले जनताहरूको को अपेक्षा, जनताहरूको आवश्यकतालाई मध्यनजर गर्दै हाम्रो संविधानले दिएका अधिकारहरूलाई व्यवस्थित र मर्यादित तरिकाले सम्पन्न गर्नेछ र आगामी दिनमा आउनुहुने माननीयज्यूहरूलाई त्यति बेला स्वागत गर्न नपाइएला। तसर्थ, निर्वाचित हुनु भएका माननीयज्यूहरूलाई यो राष्ट्रिय सभामा अहिले म रहिरहेको अवस्था हुनाले निर्वाचित सबै माननीयज्यूहरूलाई हार्दिक बधाई दिन चाहन्छु र अब उहाँहरूले बाकी रहेका कामहरूलाई सम्पन्न गर्नु हुनेछ र यो देशलाई समृद्धि तिर लाने र जनताहरूको जीवनलाई उँचो बनाउने कार्य गर्नु हुनेछ भन्ने विश्वासका साथ सम्पूर्ण माननीयज्यूहरूलाई पुनः नमस्कार गर्दै मेरा आफ्ना विचारहरू यही अन्त्य गर्दछु। हस् त धन्यवाद।

**(१३:५३ बजे)** **<u>पीठासीन</u>**: माननीय उपाध्यक्ष श्री विमला घिमिरे।

**(१३:५४ बजे)** **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य माया प्रसाद शर्मा।

(१३:५४ बजे) **<u>माननीय श्री माया प्रसाद शर्मा (नेपाल कम्युनिस्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, वरिष्ठ पत्रकार सुनिल थापा तथा डा. कलाकार सुनिल थापा तथा डा. मिना आचार्य प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु। सम्माननीय अध्यक्ष महोदय, यो ६ वर्षको अन्तरालमा भएका सकारात्मक, नकारात्मक कुरालाई सकभर समेट्ने मिहेनत गरेको छु। म आफ्नो ६ वर्षीय कार्यकालमा भय गरेका काम कारबाहीहरूको अनुभूति सहित आफ्ना धारणाहरू राख्न चाहन्छु। दुई वर्षीय कार्यकाल सम्पन्न गरी बिदाइ भएर जानु भएका माननीयहरूको सक्रिय र सार्थक भूमिकाको सन्दर्भमा आभार सहित मिति २०७६ फाल्गुन १९ गते शुभकामना सहित बिदाइ गरियो। त्यसैगरी हामी नयाँ आएका संसद सदस्यहरूलाई सोही २१ गते स्वागत पाउनुका साथै जनताका नाममा सपथ खाने काम पनि भयो। पार्टीको काम वा राज्यको जिम्मेवारी लिदा स्पष्ट दृष्टिकोण बनाएर जानुपर्छ भन्ने मान्यता र मान्यता छदै छ तर कुनै पनि जिम्मेवारी लिएका लिनका लागि मात्रै लिने होइन त्यसको महत्व र चुनौतीको को कुशलतापूर्वक सामना गर्न सक्नु पर्दछ भन्ने लक्ष्य सहित प्राप्त जिम्मेवारी पूरा गर्न सकिन्छ भन्ने आत्मविश्वास दरिलो थियो। मैले राष्ट्रिय सभाको सदस्य पदको सपथ ग्रहण गरिरहँदा पनि ती कामहरू गर्न यति काम गर्न सकिन्छ भन्ने कल्पना भने गरेको थिएन। त्यति बेला ने.क.पा. एमाले र ने.क.पा. माओवादी पार्टी बीच एकता भइ ने.क.पा. बनेको थियो।

पार्टी सरकारमा भएकाले केही नयाँ काम गर्न सकिन्छ भन्नेको भने भरपुर विश्वास थियो तर त्यो परिस्थिति भने दीर्घकालीन ढङ्गले अगाडी बढ्न सकेन तर पनि हामीले राष्ट्रिय सभामा राम्रै थिति बसालेका छौं भन्ने मलाई लाग्दछ। म राष्ट्रिय सभामा आए देखि दुई वटा सम्माननीय अध्यक्षहरू, तीन जना माननीय उपाध्यक्षहरू दुई जना महासचिवहरू तीन जना राष्ट्रिय सभाका सचिवहरूसँग सहकार्य गर्ने अवसर मिल्यो। सबैको प्रभावकारी क्षमता कार्यकुशलता र समन्वयकारी भूमिकाले उहाँहरूसंगको सामवेता निकै मजबुत भएको अनुभूति गरेको छु। राष्ट्रिय सभाको बैठक समयमै सञ्चालन हुनका साथै कुनै पनि विषयमा छलफल गर्दा दलगत पूर्वाग्रह भन्दा माथि उठेर राष्ट्र, जनता र राष्ट्रियता प्रति बढी बफादार भइ छलफलको निष्कर्ष निकाल्ने महत्वपूर्ण काम हुँदै आएको छ। सदनमा प्राप्त प्रस्तुत भएका विधेयकहरू संकल्प प्रस्तावहरू या विषयगत समितिका अन्य प्रतिवेदनहरू, अन्य प्रतिवेदनहरू सहमति सहकार्य र सहभागिता सहित एक मतले अगाडि बढाउने काम समितिका कामहरूमा पनि समन्वयकारी भूमिका निर्वाह गर्नु गराउनुका साथै सबै प्रदेशहरूमा एक साथ आफ्नो निर्वाचन क्षेत्रमा कार्यक्रम लिएर जाने क्यालेन्डर सहित बैठक सञ्चालन गर्ने समितिले आफ्नो विषयगत अध्ययन अनुगमनका क्रममा तयार पारिएका प्रतिवेदनहरूलाई सदनमा छलफल चलाउने कामहरू निकै सकारात्मक पक्ष हुन् भन्ने

मलाई लाग्दछ। राष्ट्रिय सभा २०७९ साल ज्येष्ठ ५ गते दर्ता भएको संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिको संकल्प प्रस्ताव २०७९ साल जेष्ठ १९ गते बसेको संसदले सर्वसम्मतका रूपमा पारित गरेको थियो। राष्ट्रिय सभामा पारित गरेको उक्त प्रस्तावले संघीय सबलीकरण तथा कार्यान्वयनका लागि एउटा कोशे ढुङ्गा बन्न पुगेको मैले अनुभूति गरेको छु। पछिल्लो चरणमा युवा आन्दोलनको प्रभावले देखा परेको गतिरोधलाई चिर्न सम्माननीय अध्यक्ष दलका नेता तथा सबै माननीयज्यूहरू, महासचिव लगायत सचिवालयका राष्ट्र सेवक कर्मचारीहरूले खेल्नु भएको सकारात्मक भूमिका र राष्ट्रिय सभा प्रतिको सम्माननीय प्रधानमन्त्री तथा माननीय मन्त्रीज्यूहरूको सकारात्मक बुझाईको परिणाम हामी यहाँ उभिएर आफ्नो अनुभव राख्न पाएका छौं र एक अर्काका अनुभूतिहरू सुन्न सुनाउन पाएका छौं। यो अहिलेको लागि सबैभन्दा महत्वपूर्ण कुरा हो। सम्माननीय अध्यक्ष महोदयमा निर्वाचित भएदेखि २०७६ साल चैत्र ३ गते राष्ट्रिय सभाको बैठकमा पहिलो पटक उभिएर मैले आफ्ना अनुभूति र लक्ष्यहरू राखेको थिए। छ वर्ष पछि पनि ती धमिला-धमिला देख्दछु।

मैले प्राय जसो विशेष समय, शून्य समय, आकस्मिक समय र प्रादेशिक समयहरूमा आफ्नो धारणाहरू राख्ने गरेको छु। ७७ साल चार महिना १७ गते संसदमा नरहेको अवस्थामा राष्ट्रिय सभा सम्माननीय अध्यक्षले जारी गर्नु भएको गठन आदेश बमोजिम तत्कालीन दिगो विकास तथा सुशासन समितिमा रहेर दुई वर्ष काम गर्ने अवसर पाए। उक्त समितिमा सिकेका र सिकाएका कामहरू मेरा जीवनका महत्वपूर्ण आधारशिला हुन् भन्ने मैले महसुस गरेको छु। २०७९ साल भाद्र २३ गते हाल नयाँ नामकरण गरिएको सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिको सभापति पदमा निर्वाचित भएर ८१ साल भदौ ३१ गते दोस्रो पटक पनि म नै समितिको सभापति निर्वाचित भए। आफै सभापति रहेको समितिमा झन् जिम्मेवारी बढ्ने कुरा मेरा समितिमा महत्वपूर्ण रह्यो। मेरा समितिमा रहनु भएका माननीय सदस्यहरूले भूमिका ऐतिहासिक, सम्झना लायक रहेको कुरा महसुस गरेको छु। मेरो कार्यकालमा करिब १७५ पटक समितिको बैठक बस्यो तर कहिले पनि कोरुम नपुगेर वा विवाद भएर कुनै पनि बैठक स्थगित हुनु परेन। सधैंभरि समितिका सदस्यहरूको सहयोग उल्लेखनीय रहन गएको अनुभूति गएको छ। समितिमा काम गरिरहनु भएका महत्वपूर्ण सदस्यहरू अन्य जिम्मेवारीमा जाँदा समितिमा केही अपूरो, अधुरो रहेको जस्तो लागे पनि त्यसलाई हल गर्न सकारात्मक पहल गरिरहेको थिए। समितिले कार्य सम्पादनका लागि चार वटा उपसमिति मार्फत कामलाई सरल सहज र परिणाममुखी बनाउने उद्देश्य लिएको थियो। सार्वजनिक नीतिको विषयमा राष्ट्रिय निकुञ्ज सँग सम्बन्धित अध्ययन प्रतिवेदन सदनमा छलफल भइ पारित भएको छ भने पुस्तकालय नीति सम्बन्धी विषयहरू अध्ययनको छलफलकै क्रममा रहेको छ। प्रत्यायोजित विधायनसँग सम्बन्धमा त्रिभुवन विश्वविद्यालय

ऐन, २०४९ अध्यागमन ऐन, २०४९ सम्बन्धमा अध्ययन भयो र सभा समक्ष पेस गरि छलफल समेत गरेका छौं र गर्दै पनि छौं। सरकारी आश्वासनको विषयमा सम्बन्धित मन्त्रालय वा सरोकारवाला निकाय तथा व्यक्ति र सरकारले दिएका आश्वासनको कार्यान्वयन तथा कमी कमजोरीका बारेमा अध्ययन गरि प्रतिवेदन समेटिएको छ। राष्ट्रिय महत्वका दस्तावेज अभिलेखहरूका साथै ऐतिहासिक तथा पुरातत्वसँग सम्बन्धित विषय वस्तुहरूको खोजी तथा स्थलगत अध्ययन गर्नुका साथै विज्ञ, विशेषज्ञ हरूसँगको समेतको सहभागितामा गहिरो अध्ययन गरेर छोड्दा धेरै खुसी लागेको छ। अर्को मुख्य कुरा हाम्रो समितिको पहलमा विधेयक ऐन, २०८१ दुवै सदनबाट पारित भइ कार्यान्वयनको अवस्थामा रहेको छ र यसले प्रत्यायोजित कानुनलाई व्यवस्थित गर्न ठुलो मद्दत गरेको छ।

हाम्रै समितिका माननीय सदस्यहरूको पहलमा ज्येष्ठ नागरिक जीवन सुरक्षा गुणस्तरयुक्त र सुरक्षित बनाउन मर्यादित महिनावारी सम्बन्धी संकल्प प्रस्तावका साथै कथित दलित समुदायहरू अधिकार सम्बन्धी नीति तथा कानुनका विषयमा सम्बन्धित पक्षहरूसँग एकल वा संयुक्त छलफल, जाजरकोट तथा डोटी केन्द्रबिन्दु भएर गएको भूकम्पको क्षतिपूर्ति सम्बन्धी विषयहरूमा स्थलगत अध्ययन गरि प्रतिवेदन माथि छलफल गरि तत्कालीन प्रधानमन्त्री तथा मन्त्रीहरूको उपस्थिति गराई आश्वासन दिने कामका साथै टहरा निर्माणका लागि दुई चरणमा रकम दिने काम भएको छ। सरकारले फेर बदल सँगै कार्यविधि निर्माणको ढिलाई, घरको सङ्ख्या बढेको बाहाना, डि.पि.आर. का नाममा भएको अलमलका कारण त्यहाँका जनताले बेहोर्नु सम्मको दुःख बेहोर्दै आएका छन्। युवा आन्दोलन यता बनेको नागरिक सरकारलाई पनि यो विषय लगायत त्यसका सरोकारका विषयहरू घोषित समयमा निर्वाचन सुरक्षा अवस्था त्यसको बन्दोबस्तीका लागि भए गरेका कामहरू, विकास निर्माण सम्बन्धी छलफल चलाएका थियौं। समितिले आ-आफ्नो विषयगत कामका लागि कठिन परिस्थिति र सीमित साधन स्रोतका बीचमा सात वटै प्रदेशका छनौट गरिएका स्थलहरूमा दुई वटा प्रदेशका स्थानहरूमा प्रदेश सभा र स्थानीय तहसँग छलफल, अन्तरक्रिया, परामर्श गरेर वातावरण सहज बनाउनका लागि महत्वपूर्ण भूमिका खेलेको अनुभूति भएको छ। नीति विधि निर्माणका साथै विधेयकको अध्ययन छलफल र संशोधन प्रक्रियामा सक्रिय सहभागिता भइ कानुनलाई व्यवहारिक, समावेशी र प्रभावकारी बनाउने प्रयास निरन्तर भइरह्यो। संसदीय निगरानी तर्फ सरकारका आश्वासन, नीति कार्यक्रम र बजेट कार्यान्वयन माथि मन्त्रीहरूसँग प्रश्नोत्तर छलफल समिति अनुगमन तथा प्रतिवेदन माथि जबाफदेही सुनिश्चितता र सकारात्मक भूमिका निर्वाह गरेको जस्तो लाग्छ। विशेष गरि सुशासन, सामाजिक न्याय र सार्वजनिक हितका विषयमा निगरानीलाई प्राथमिकतामा राख्दै समिति र सदनको मर्यादा र प्रक्रियाको पालना गर्दै रचनात्मक भूमिका खेलेको महसुस गरेको छु। मेरो कार्यकालमा दुई वटा सचिवहरू अन्य

सबै धेरै राष्ट्र सेवक कर्मचारीसँग काम गर्ने अवसर पाए। अपुग साधन स्रोत अभावका बीचबाट सचिवालय र निजी सचिवालयका कर्मचारी साथीहरूको कार्य सम्पादन प्रति म निकै खुसी छु र हृदयदेखि धन्यवाद दिन चाहन्छु।

अध्यक्ष महोदय, कार्यक्षेत्र भित्रको नीति निर्माण प्रत्यायोजित कानुन अलि गहिरो विषय भएकाले कानुन पृष्ठभूमि भएको व्यक्तित्वको अभाव भने निकै महसुस भयो। छिटो छरितो सरुवा गर्ने प्रवृतिले काममा केही अप्ठ्याराहरू अवश्य पर्दो रहेछ भने ध्यान दिने विषयहरू बनेको छ। समितिमा पर्याप्त जनशक्ति र अभावका साधन स्रोतले अभाव भने झनै महसुस भयो र बैठक कार्यकक्ष सभापतिको कार्यकक्ष समितिको सचिवको कार्यकक्ष र सचिवालयको कार्यकक्ष फरक-फरक स्थानमा रहँदा केही जटिलताहरू अवश्य पैदा भएको महसुस भएको छ। समितिका सदस्यहरू छनौट गर्दा भूगोल, वर्ग, समुदाय, लिङ्ग, सङ्ख्या र उमेर समेत मिलाउनु पर्ने आवश्यकता महसुस भएको छ। विदेश भ्रमण गर्दा छनौट गर्दा केही अप्ठ्याराहरू अनुभूतिहरू अवश्य भए कतिपय सदस्यहरू विभिन्न बहानामा दोहोर्याई तेहेऱ्याई जान पाउने कोही भने कहिले अवसर नपाउने परम्पराको खारेजी आगामी दिनमा गर्नुहुनेछ। म आएको पहिलो वर्ष कोरोनाका कारणले कार्यक्रममा केही बाधा पर्न गयो। केही बाधा पर्न गयो भने अन्तिम वर्ष युवा आन्दोलनका कारण केही समस्याहरू अवश्य देखा पर्न गए। म आउँदा ने.क.पा. सदस्य भएको चुनाव चिन्ह सूर्यमा निर्वाचित भएर आएको थिए। बिचमा पार्टी विभाजन भयो। आ-आफ्नो पार्टीमा फर्कदा म ने.क.पा. माओवादी केन्द्रको र चुनाव चिन्न हँसिया हतौडा बन्न पुग्यो। म काम गर्दै गर्दा फेरी बृहत् कम्युनिस्ट एकता अभियान पार्टीको नाम नेपाली कम्युनिस्ट पार्टी रहन गयो भने, चुनाव चिन्न तारा रहन गयो। सुर्य भएर सूर्यसँग आएर हँसिया हतौडाको अदम्य स्नेह सहित तारा चुनाव चिन्ह लिएर बिदाइ हुने क्रममा छु। यस्तै-यस्तै मेरा अनुभूतिका लागि विशेष सम्झना लायक विषयहरू छन्।

सम्माननीय अध्यक्ष महोदय, मलाई यो अवसर दिने मेरो पार्टी नेपाली कम्युनिस्ट पार्टी त्यहाँ त्यसको नेतृत्व संयोजक कमरेड प्रचण्ड, सम्माननीय अध्यक्षज्यू, माननीय उपाध्यक्षज्यू, मेरा अग्रज माननीय, विज्ञ माननीयज्यूहरू, विज्ञ महासचिव लगायत कर्मचारी साथीहरू, सुरक्षाकर्मी तथा पत्रकार बन्धुहरू सबै -सबैमा धेरै सम्झना साथ मेरा अनुभूतिजन्यहरू भनाई राख्दै मेरो आफ्नो शब्द यही अन्त्य गर्छु। धन्यवाद।

(१४:०५ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य शारदा देवी भट्ट।

(१४:०६ बजे) **मानननीय श्री शारदा देवी भट्ट (नेपाल कम्युनिस्ट पार्टी, एमाले)**:- सर्वप्रथम म माननीय बलदेव बोहरा प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। सम्माननीय अध्यक्ष महोदय, म शारदा भट्ट। यस पवित्र नेपाली जनताको सर्वोच्च थलो संघीय संसद् अन्तर्गत राष्ट्रिय सभामा दुई २०७९/१०/९ गते राष्ट्रिय सभा सदस्यको रूपमा सुदूरपश्चिमबाट महिला कलस्टरबाट निर्वाचित भएकी थिए। २०७९/११/२१ मा सपथ लिए सँगै कानुन निर्माणको सर्वोच्च थलो संघीय संसदमा ६ वर्ष काम गर्न पाउँदा गर्वले खुसी लागेको छ। अध्यक्ष महोदय, ६ वर्ष पहिला राष्ट्रिय सभामा प्रवेश गरिरहँदा देश र जनताका लागि केही योगदान गर्ने उत्साह र चाहना थियो। जोश र जाँगर थियो मेरो संसदको पहिलो अनुभव पनि थियो। राष्ट्रिय सभा धेरै हिसाबले संयमित व्यवस्थित छ, मर्यादित छ। क्षणिक अवरोध बाहेक राष्ट्रिय सभा सबै सौहार्दपूर्ण रूपमा चलेको मेरो अनुभव छ। संसदलाई बाहिरबाट हेर्न र भित्रबाट हेर्न केही फरक अनुभव पाए। जति जोस र जाँगर संसद् भित्र पस्नका दिनमा थिए भित्र गएपछि केही फरक अनुभूति भयो। विकास निर्माणका योजना बाँडफाँटको विषयमा केही तितो अनुभव पनि भयो। विकासका योजना क्रममा शक्तिको पहुँचको आधारमा कसैको हुने र कसैको पहुँचकै कमको कारणले कसैको नहुने रहेछ भन्ने मेरो अनुभव पनि रहयो। जनता र तिनका समस्यासँग सांसदको प्रत्यक्ष सम्बन्ध रहने हुँदा बजेट विनियोजन गर्दा संसदका मागलाई प्राथमिकतामा राख्नुपर्छ भन्ने मेरो मान्यता छ। म एउटा महिला भएकी नाताले पनि मैले देशमा रहेका महिला सम्बन्धी समस्या र महिला भएकै कारण पाइरहेको दुःख यातनाको बारेमा मैले राष्ट्रिय सभामा रहँदा प्राथमिकताका साथ आफ्नो कुरा राखेकी छु।

अध्यक्ष महोदय, यस्तै राष्ट्रिय सभा अन्तर्गतको आर्थिक मामिला तथा सुशासन समितिमा रहेर काम गर्ने अनुभव पनि राम्रो रह्यो। त्यहाँ मैले विभिन्न मुद्दामा आफ्ना कुराहरू राखेकी छु। मिनी ससंद भनिएको र सरकारलाई संसद् प्रति उत्तरदायी, जबाफदेही बनाउनु सरकारबाट भए गरिएका काम कारबाहीको अनुगमन र मूल्याङ्कन गरि आवश्यक सुझाव प्रदान गर्ने भनिए तापनि कतिपय जरुरी विषयमा समितिमा छलफल गरि सरकारलाई निर्देशन गरिएका विषयमा सरकारले चासो नदेखाएको मेरो अनुभव पनि रह्यो। समितिले आवश्यक विषयमा गरेका निर्देशनलाई सरकारले गम्भीर रूपमा लिनु पर्ने मेरो बुझाई छ। संसद र समितिमा उठाएका कुराहरू जस्तै कोरोना कालमा जनताले भोगेका समस्या, उखु किसानका समस्या, किसानका रासायनिक मलका समस्या, महिला हिंसाका समस्या, दलितहरूका समस्या, मूल्य वृद्धिका समस्याका कारण जनताले भोगेका समस्या आदि विषयमा मैले कुरा धेरै उठाएकी थिए। विषयमा कति सम्बोधन भए कति भएनन् तर मैले आफ्नो तर्फबाट निरन्तर इमानदारी साथ प्रयास गरे भन्ने मलाई लागेको छ। राष्ट्रिय सभामा रहदा मैले दुई पटक विदेश भ्रमणको

अवसर पाए। एक पटक बङ्गलादेश एक पटक पाकिस्तानको विदेशमा भ्रमणको अनुभव राम्रो रह्यो त्यहाँ जाँदा एक अर्का देशको बारेमा बुझ्ने र सिक्ने मौका पाए र जसको लागि राष्ट्रिय सभाको म आभारी छु।

अध्यक्ष महोदय, आफ्नो कार्यकाललाई बिट मार्दै गर्दा, यस राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यू, उपाध्यक्षज्यू, त्यस्तै सम्पूर्ण माननीयज्यूहरूलाई साथ र सहयोगको लागि धेरै धेरै मुरी मुरी धन्यवाद दिन चाहन्छु। यस्तै संघीय संसद सचिवालय महासचिवज्यू लगायत सम्पूर्ण सचिवालयका कर्मचारी परिवारलाई धन्यवाद दिन चाहन्छु। हरेक समस्यामा साथ दिनुहुने मर्यादापालकज्यूहरूलाई पनि धन्यवाद भन्न चाहन्छु। हामी बिदा हुँदै गर्दा नयाँ निर्वाचित भएर आउनु भएका माननीयज्यूहरूलाई बधाई सफलता कार्यकालको शुभकामना दिन चाहन्छु। साथै सधैं जनतालाई सर्वोपरि ठानेर, संसदलाई मर्यादित ठानेर काम गर्न सुझाव दिन चाहन्छु। अध्यक्ष महोदय, म मेरो २७ वर्षको उमेर देखि ने.क.पा. एमालेमा आबद्ध भई विभिन्न भूमिकामा रही विभिन्न कालखण्डका आन्दोलनमा सहभागी हुँदै अहिले ७७ वर्षको उमेर सम्म देश र जनताको सेवा गर्दै आएकी छु र आउँदा दिनमा मैले सकेसम्म फेरी राष्ट्रको लागि तत्पर रहने वाचा गर्दछु। समयमा राष्ट्रिय सभामा मेरो छ वर्षीय कार्यकाल उत्साहपूर्ण रह्यो जसमा मैले केही सिक्ने मौका पाए भने थोरै भए पनि देश र जनतालाई केही दिने मौका पनि पाए। अन्त्यमा धन्यवाद।

(१४:१२ बजे) <u>**सम्माननीय अध्यक्षः**</u>- माननीय सदस्य तारामान स्वाँर।

(१४:१२ बजे) <u>**माननीय श्री तारामान स्वाँर (नेपाल कम्युनिस्ट पार्टी, माओवादी केन्द्र):-**</u> सम्माननीय अध्यक्ष महोदय, ६ वर्षीय कार्यकाल पूरा हुनै लाग्दा राष्ट्रिय सभामा बिताएका क्षणहरूका अनुभूतिहरू भन्नु पर्दा यी सकारात्मक र नकारात्मक दुवै रहेका छन्। नयाँ उत्सुकता र उत्साहका साथ राष्ट्रिय सभामा प्रवेश गर्दा संसदीय क्षेत्र मेरा लागि नौलो थियो। सिक्नु र बुझ्नुपर्ने थुप्रै विषयहरू थिए। यस सन्दर्भमा संसद् सचिवालयले संसदीय मामिला सम्बन्धमा राखेका कार्यक्रमहरू र विभिन्न सामाजिक संस्थाहरूले गरेका कार्यक्रमहरू तथा तत्कालीन अवस्थामा राष्ट्रिय सभामा रहेका अग्रज माननीयज्यूहरूका सुझावहरूले निकै मद्दत पुग्यो उहाँहरू सबै प्रति आभार व्यक्त गर्न चाहन्छु। यो अवधिमा संसदीय प्रक्रिया र अभ्यास तथा विधि निर्माणको प्रक्रिया र महत्वका साथै अन्य विविध विषयहरू बारे गहिरो गरि बुझ्ने र अध्ययन गर्ने अवसर प्राप्त भएको छ। यी सकारात्मक अनुभूतिहरू रहेका छन् भने, नेपालमा कानुन निर्माण हुने तर कार्यान्वयन नहुने कानुन निर्माणमा स्वार्थ समूहहरूको

प्रभाव र दबाब हुने गरेको, सांसदहरूले शून्य समय, विशेष समय, आकस्मिक समय र प्रादेशिक समयमा उठाएका मुद्दाहरू एवं संकल्प प्रस्तावहरू प्रतिवेदन सिफारिस र सुझावहरू प्रति सरकार गम्भीर र जिम्मेवार नहुनु तथा संविधान र राजनीतिक प्रणाली प्रतिको स्पष्ट बुझाई नहुँदा संविधान अनुरूप समावेशी संघीयता र समाजवाद उन्मुख नीति व्यवहार एवं आचरणको अभाव देखिनाले, हामी सबै परम्परागत पुँजीवादी संसदीय अभ्यासमै रुमलिएका त छैनौ ? भन्ने कुराहरूका साथै राष्ट्रिय सभाप्रति सरकार उत्तरदायी हुनुपर्ने कानुनी दायित्वको अभावमा राष्ट्रिय सभालाई महत्व दिनेमा कमी रहेका जस्ता विषयहरू नकारात्मक अनुभूतिका रूपमा रहेका छन्।

सम्माननीय अध्यक्ष महोदय, संविधानले दिएको सीमित अधिकारका बाबजुद राष्ट्रिय सभाले संघीयता र समावेशी सिद्धान्तको कार्यान्वयन नीति र विधि निर्माणमा थप निर्माणलाई थप समृद्ध बनाउन तथा जनहित एवं राष्ट्रिय हितका विविध विषयहरूमा गरेका अध्ययन, अनुसन्धान, बहस र पारित संकल्प प्रस्तावहरू निकै महत्वपूर्ण र अनुकरणीय रहेका छन्। वर्षको एक पटक आफ्ना मतदाताहरूसँग संस्थागत रूपले अनिवार्य पुगी गुनासोहरू सुन्नका साथै सभामा उठाउनुपर्ने विषयवस्तुका बारेमा सुझावहरू लिने र वार्षिक रूपले सभा समितिहरू र सचिवालयका काम कारबाहीहरूका बारेमा सामूहिक समीक्षा गर्ने जस्ता कामहरू राष्ट्रिय सभाका सुन्दर पक्षहरू हुन्, भने संविधानमा संविधानका केही धाराहरू जस्तै धारा ११० को उपधारा धारा (१) धारा १११ को उपधारा (२), (५),(१०) र धारा २९३ का प्रावधानहरूले राष्ट्रिय सभा प्रति असमानता गरेको र निर्णायक शक्ति प्रतिनिधि सभामा केन्द्रित गरेको छ। यसले गर्दा राष्ट्रिय सभा कहिलेकाहीँ प्रतिनिधि सभाको छायाँमा पर्ने गरेको छ र यसलाई बुढापाका थन्काउने र दलहरूले निर्वाचनमा पराजित नेताहरूको व्यवस्थापन गर्ने दोस्रो सदन भएको जस्तो रूपमा बुझ्ने नकारात्मक प्रवृतिबाट राष्ट्रिय सभा पीडित बन्ने गरेको छ। यसमा सुधारका लागि संविधानको संशोधन र दलहरूको दृष्टिकोणमा परिवर्तन हुन आवश्यक छ। राष्ट्रिय सभा राजनीतिक घोचपेच गर्ने छलफल गर्ने थलोका रूपमा मात्र नभइ आम नागरिकका आशा भरोसा र समस्याहरूलाई नीतिगत र विधिगत रूपमा सम्बोधन गर्ने समावेशी प्रतिनिधित्वको प्रभावलाई सुनिश्चित गर्ने एवं उनीहरूको आवाजको केन्द्र बन्ने थलोको रूपमा स्थापित हुनुपर्दछ।

सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभामा रहेका चार वटै विषयगत समितिका काम कारबाहीहरू सन्तुलित, सन्तोषजनक र सकारात्मक नै रहे तापनि यथेष्ट साधन स्रोत, बजेट अनुसन्धान विज्ञ र कानुन विज्ञहरूको अभाव र समितिहरूका प्रतिवेदन तथा सिफारिसहरू प्रति सरकार गम्भीर नहुनु तथा सरकारलाई उत्तरदायी बनाउने कानुनी व्यवस्था पनि नहुनुले समितिहरूका काम कारबाहीहरू

जति प्रभावकारी हुनुपर्ने थियो त्यति भएका छैनन् र समितिहरू औपचारिकता पूरा गर्ने र सन्तुलित सुझावहरू दिने जस्ता मात्र भएका छन्। तसर्थ, समितिहरूको प्रभावकारितालाई थप विकास गर्न साधन स्रोत र बजेटको अभावहरूलाई पूरा गर्नुका साथै समितिहरूलाई अध्ययन र अनुसन्धानमा आधारित समितिका रूपमा विकास गर्न प्रत्येक समितिमा स्थायी अनुसन्धान अधिकृत र कानुन अधिकृतको नियुक्ति गर्नु पर्दछ। समितिका प्रतिवेदन, निर्देशन, सुझाव र सिफारिसहरूको सरकारले कार्यान्वयन गरे, नगरेको पछ्याउने संयन्त्र बनाउनका साथै पालना नगर्ने मन्त्री वा सचिवलाई जबाफदेही बनाउने कानुनी व्यवस्था गर्नु पर्दछ। निरन्तर छ वर्ष विधायन व्यवस्थापन समितिमा कार्यरत हुने अवसर प्राप्त भयो।

विधेयकहरू माथि संशोधन प्रस्तावहरू राख्नुका साथै विधेयकहरू समावेशी र संघीयताको मर्म अनुरूप गुणस्तरीय एवं जन पक्षीय बनाउन छलफलमा सहभागी भइ परिमार्जन गर्नमा नै सक्रिय रहे। विधि निर्माण र ऐन मापनका सम्बन्धमा गरिएका स्थलगत भ्रमण अध्ययन र अनुगमनका कार्यक्रमहरूले विधि निर्माणमा लुकेका कैयौं पक्षहरू एवं मसिना-मसिना विषयहरूका साथै विधि निर्माणमा रहेका समस्याहरू बुझ्न मद्दत गऱ्यो। समितिमा विधेयकहरू माथि हुने गहन छलफल र अन्त्यमा पक्ष र प्रतिपक्ष नभनि कायम हुने एकरूपता, समावेशी र संघीयताको सिद्धान्त माथिको जोड, प्रत्यायोजित अधिकारलाई कटौती गर्ने र ऐन मापन सम्बन्धमा समितिले स्थापना गरेका मान्यताहरू विशेष स्मरणीय रहेका छन्। राज्यको ठूलो लगानी र समिति सभा एवं सांसदहरूको निकै समय एवं मेहनत खर्चेर पारित गरिएका कयौं विधेयकहरू संविधानको धारा (१११) को उपधारा (१०) को प्रतिबन्धात्मक व्यवस्थाले निष्क्रिय बन्ने गरेकोमा दुःखको अनुभूति हुन्छ। सांसदहरूको मुख्य काम नीति र विधि निर्माण भए पनि उनीहरूलाई यो रूपमा भन्दा बजेट र विकास ल्याउने एजेन्टका रूपमा हेर्ने गरिन्छ। दलीय बन्धन बढी हुँदा सांसदहरूले स्वतन्त्र रूपमा विचार व्यक्त गर्न सकेका छैन। यसमा सुधार गर्न दलहरू र सांसदहरूको दृष्टिकोण एवं व्यवहारमा परिवर्तन हुनु जरुरी छ। दलहरूले पाटी ह्वपलाई नीतिगत रूपमा सीमित गर्नु पर्दछ। सांसदहरू टाउको गर्ने सङ्ख्या मात्र नभएर विचार र क्षमताका प्रतिनिधि हुन् भन्ने स्वीकार्नु पर्दछ। संसदहरूले पनि आफूलाई बजेटे र विकास एजेन्टको आरोपबाट मुक्त गरी नीतिकर्ता र विधिकर्ताका रूपमा स्थापित गर्नु पर्दछ। विषयवस्तुको गम्भीरताका आधारमा दलीय प्रभाव र बन्धन भन्दा स्वतन्त्र रूपले तर्क र तथ्यसंगत तरिकाले बोल्न र निर्णय गर्न सक्ने हुनुपर्छ।

सम्माननीय अध्यक्ष महोदय, हाम्रो राजनीतिक प्रणाली समाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक भए तापनि हामीले अपनाइरहेको अर्थ प्रणाली नवउदारवादी पुँजीवादी अर्थ प्रणाली रहेको

छ तसर्थ, राजनीतिक प्रणाली र अर्थ प्रणालीका बीच विरोधाभास रहेकाले राजनीतिक अवस्था परिवर्तन भए पनि आर्थिक अवस्था परिवर्तन हुन नसकेकोले समस्या उत्पन्न भइरहेको छ। तसर्थ, राजनीतिक प्रणाली अनुरूपको अर्थ प्रणाली हुनुपर्ने र हाम्रो विकासको ढाँचा फेर्नुपर्ने विषय मैले उठाउँदै आएको छु। समग्र कृषि क्षेत्रको व्यवस्थित विकास गर्न समस्या समाधान गर्न र नियमन गर्न एकीकृत कृषि ऐन ल्याउनुपर्ने र कृषिसँग सम्बन्धित भूमि, सिँचाई मन्त्रालयहरूलाई कृषि मन्त्रालय अन्तर्गत एकीकृत गर्नुपर्ने विषयका साथै बजेट निर्माणको प्रक्रिया, विधि एवं पद्धति फेर्नुपर्ने बजेट वितरणमा देखिएको प्रदेशगत असन्तुलन हटाउनुपर्ने तथा बजेट पनि विधेयक नै भएकोले अन्य विधेयक जस्तै यसमा पनि आवश्यक संशोधन सहित परिमार्जन गरि पारित गर्नुपर्ने र राष्ट्रिय सभालाई पनि त्यसमा जिम्मेवार बनाउनु पर्छ भन्ने लगायतका विषयहरू उठाउने काम गरे तर सरकार एवं राजनीतिक दलहरूमा यी विषयहरू प्रतिको गम्भीरता देखिएन।

सम्माननीय अध्यक्ष महोदय, ६ वर्षको अवधि निकै उथलपुथल र सङ्कटले भरिएको चुनौतीपूर्ण अवधि रह्यो। कोभिड-१९ को महामारीको त्रासदी र सङ्कट सुदूरपश्चिमका डोटी, बजाङ, अछाम, बाजुरा र कर्णालीका जाजरकोट, रुकुम, सल्यानमा पटक-पटक गएका भूकम्प एवं देशभरि बाढी पहिरोले उत्पन्न प्राकृतिक प्रकोपको सङ्कट तथा दुई पटक प्रारम्भमा र अहिले तेस्रो पटक जेनजी आन्दोलन पश्चात् एउटै व्यक्ति प्रधानमन्त्री हुँदा प्रतिनिधि सभा विगठनद्वारा उत्पन्न राजनीतिक सङ्कट यी तीनवटै सङ्कटको भोगाई र त्यसको साक्षी पनि यो कार्यकाल बनेको छ। यो अवधिमा सत्ता पक्ष र प्रतिपक्षको भूमिकाका अनुभवहरू पनि प्राप्त भए जनभावना भएको अन्तर व्यवस्थापिका संघ आइ.पी.ओ.को १४९औं महासभामा सम्माननीय अध्यक्ष महोदयको नेतृत्वमा महासचिव सहितको प्रतिनिधि मण्डलमा सम्मिलित भइ भाग लिएर अन्तरराष्ट्रिय संसदीय अभ्यासका बारेमा बुझ्ने अवसरले निकै लाभान्वित भएको छु। सारमा भन्नुपर्दा यो कार्यकाल मैले उतारचढाव सङ्कट र चुनौतीका बीच सङ्घर्ष तथा सकारात्मक र नकारात्मक दुवै कोणबाट ज्ञान आर्जनका रूपमा लिएको छु भन्ने अनुभूति राख्न चाहन्छु। धन्यवाद।

**(१४:२३ बजे)** **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य सुमित्रा वि.सी.।

**(१४:२४ बजे)** **<u>माननीय श्री सुमित्रा वि.सी. (नेपाल कम्युनिस्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, आज म डाक्टर मिना आचार्य प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु र कलाकार सुनिल थापा प्रति पनि म भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु। आज यो ६ वर्षीय कार्यकालको अनुभूति भनिरहँदा २०७६ साल माघ ९ गते भएको राष्ट्रिय सभाको निर्वाचनबाट म कर्णाली प्रदेशको महिला

समूह क्लस्टरबाट निर्वाचित भए। यो बिचमा हामीले राष्ट्रिय सभामा दुई जना अध्यक्ष तीन जना उपाध्यक्ष दुई जना महासचिव, तीन जना सभाका सचिवहरूसँग काम गर्ने अवसर पाइयो र समितिमा पनि दुई जना सभापति, र तीन जना समिति सचिवसँग रहेर काम गर्ने मौका पाइयो। म यो कुरोलाई सरसर्ती हाम्रो समय अभावको कारणले सरसर्ती केही भन्न चाहन्छु। फाल्गुन २१ गते सपथ ग्रहण पछि सभा सदस्यका रूपमा सदन र समितिको बैठकहरूमा नियमित भाग लिदै २०७२ को संविधान अनुसार कानुन बनाउने भूमिकामा सहभागी हुन पाउँदा गर्वको अनुभूति भएको छ। यो ऐतिहासिक जिम्मेवारी बहन गर्न पाएकोमा मलाई खुसी लागेको छ। राजनीतिमा लाग्दा कुनै पद प्रतिष्ठा प्राप्तिको आशा नराखी तत्कालीन निरङ्कश पञ्चायती व्यवस्था परिवर्तन गर्न श्रमजीवी नेपाली जनताहरूको पक्षमा नीति नियम र कानुन निर्माण गर्ने उद्देश्यका साथ पार्टीका विभिन्न जिम्मेवारीका साथै वर्गीय सङ्गठनको विभिन्न कमिटीमा रहेर नेतृत्व गर्ने अवसर प्राप्त भयो जीवनको भोगाई मार्फत समेत मैले धेरै विषयको ज्ञान प्राप्त गरेको भए तापनि संसदीय फाँट मेरो लागि पहिलो र नयाँ विषय थियो।

संविधान अनुसार संघीय संसद दुई सदनात्मक मध्य राष्ट्रिय सभा अविछिन्न स्थायी सदन भए तापनि अधिकारका सवालमा केही ओझेल परे जस्तो मलाई संसदमा आए लगत्तै ओझेल परेको मलाई लाग्छ। संसदमा आए लगतै कोभिड-१९ ले लामो समय प्रभाव पाऱ्यो मलाई प्रारम्भ देखि नै प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिमा रहेर काम गर्ने अवसर प्राप्त भयो। २०८० फाल्गुन २० गते राष्ट्रिय सभा नियमावलीको दोस्रो संशोधनबाट समितिको नाम सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समिति भयो। पछि दुई वर्ष मलाई सरकारी आश्वासन अध्ययन उप-समितिको संयोजकको रूपमा काम गर्ने अवसर प्राप्त भयो। संसदीय समितिहरूलाई मिनी सदन पनि भन्ने गरिन्छ जहाँ विभिन्न विषयमा मसिनो गरि गहन र व्यापक छलफल हुन्छ र परिणाम पनि राम्रो हुन्छ भन्ने मेरो बुझाई छ। संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था सहितको संविधान जारी भएको तीन वर्ष भित्र बन्नुपर्ने कानुन १० वर्ष सम्म बन्न नसक्दा नमीठो महसुस हुन्छ। समितिहरूमा सर्वदलीय प्रतिनिधित्व भए तापनि हाम्रो समितिमा हरेक विषयको छलफल पछि सर्वसहमति निर्णय हुने गरेको छ यो राम्रो पक्ष हो। संसद् जनताको प्रतिनिधि थलो भएको र राष्ट्रिय सभा जनताका प्रतिनिधिहरूको पनि प्रतिनिधि भएकोले आफ्ना मतदाता, भूगोल, राष्ट्रियता, जिम्मेवारी भएर भूमिका निर्वाह प्रति जिम्मेवार भएर भूमिका निर्वाह गर्ने कोसिस गरेकोमा म विश्वस्त छु।

मेरो भूमिकाको समीक्षा संसद् र मेरो पार्टी तथा नेपाली जनताले भविष्यमा गर्ने आशा मैले लिएको छु। समितिको तर्फबाट विभिन्न प्रदेशहरू र पालिकाहरूमा विभिन्न विषयमा अध्ययन अनुगमन गर्ने र अनुगमन पछि समितिमा समीक्षा र सरोकारवाला विज्ञ लगायत सम्बन्धित मन्त्री, सचिव र अन्य

निकायका प्रतिनिधिहरू सहित छलफल गरि सुझाव र निर्देशन दिने काममा आफूलाई सक्रिय सहभागी राखेको अनुभूति मैले गरेको छु। गर्नुपर्ने कामहरू धेरै छन्, संविधान अनुसार बन्नुपर्ने कानुन बनाउन पर्ने भए बनाउनुपर्ने भएका कानुन कार्यान्वयन भए नभएको निगरानी र खबरदारी गर्ने सरकारले दिएका आश्वासन पूरा भए, नभएको अध्ययन अनुगमन गरि सुझाव र निर्देशन दिने कामहरू धेरै भयो ग्यालरी बैठक पुरानो संसद् भवन भुइचालोले क्षति पुऱ्याएकोमा मर्मत गर्नु भन्दा भत्काउने सोच सरकारको रहेछ तर हामी पछि सबैले समितिमा सहरी विकास मन्त्रालय, पुरातत्व विभाग सरोकारवाला सबैसँग बैठक गरि ऐतिहासिक पुराना इतिहास झल्काउने सबै वस्तुहरू सुरक्षित राख्दै रेक्टो फिटङ्ग गर्न निर्देशन दिए पश्चात् अहिले त्यो भवन सोही अनुसार बन्दै छ म राष्ट्रिय सभामा आएपछि एउटा स्मरणीय क्षण आफूले उठाउँदै आएको विषय राष्ट्रियताको सवाल सर्वसहमतिमा संसदबाट चुच्चे नक्सा पास गर्दा सहि गरेको क्षण, दिन २०७७ जेठ ५ गते म गर्व सहित स्मरण राखेको छु। म आफू कानुनी जानकार त हैन तर राजनीतिक चेतना व्यवहारिक भोगाई र देखाईका कारण संसदको र समितिको छलफल मार्फत धेरै कुरा जान्ने अवसर प्राप्त भयो। संविधान बनेको तीन वर्षमा बन्नुपर्ने कानुन १० वर्ष सम्म बन्न नसक्नु आज पनि १३ साल, २० साल, २९ साल बनेका कानुन अनुसार देश चलाउँदा विकास निर्माणमा पनि बाधा परेको छ सार्वजनिक खरिद ऐन, वन ऐन, निकुञ्ज ऐन र शिक्षा ऐन लगायत ऐनहरू संशोधन गर्नुपर्ने अनिवार्य जस्तै छ। अन्तर मन्त्रालय समन्वय, अन्तर सरकार बीच समन्वय हुन आवश्यक ठानेको छु। सरकारको नीति तथा कार्यक्रम अनुसार बजेट आउँदा राम्रो हुने थियो सरकारका मन्त्री र प्रतिनिधिहरूले आधिकारिक फोरमहरूमा दिएका आश्वासन कार्यान्वयनको पाटो फितलो देखिन्छ अनुगमन नियमित गर्दा आर्थिक र जनशक्तिको कमी छ यो सस्तो लोकप्रियताको लागि यथार्थ नबुझी आश्वासन दिने गलत प्रवृति अन्त हुन जरुरी छ।

संसदीय समितिले दिएका निर्देशन र सुझाव हरेक मन्त्रालय र निकायले पालना गर्नै पर्ने कानुनी व्यवस्था भए राम्रो हुन्थ्यो भन्ने मलाई लागेको छ। हरेक मन्त्रालय र मन्त्रीले दिएका आश्वासनहरूको रेकर्ड व्यवस्थित गरि राख्ने व्यवस्था मिलाउन जरुरी ठानेको छु। धेरै योजनाहरूमा बजेट छरिने र सबै योजना अधुरो हुने भन्दा पूरा गर्न सकिने मात्र योजनाहरू तय गरेर योजनाहरू पूरा गर्न पाए परिणाम आउने थियो र जनताको जीवन स्तरमा सुधार हुने थियो। धेरै सरकारी योजना अधुरो नै छन्। धेरै विषयमा संकल्प प्रस्ताव र जरुरी सार्वजनिक महत्वको प्रस्तावहरूमा सदनबाट पास भए सम्माननीय अध्यक्षबाट रुलिङ्ग भए तर कार्यान्वयनको पाटो प्रभावकारी हुन सकेन। मर्यादित महिनावारी लगायत कतिपय संकल्प प्रस्तावहरूमा समर्थकको भूमिकामा आफूलाई राख्ने अवसर प्राप्त भयो र म आफै प्रस्थापक भएर जरुरी महत्वको विषय ज्येष्ठ नागरिकको जीवन सुरक्षित गुणस्तर, गुणस्तर युक्त र

सम्मानित बनाउन थप विशेष व्यवस्था गर्नुपर्ने जरुरी सार्वजनिक महत्वको प्रस्ताव पेस गरेर सदनमा छलफल भयो। ज्येष्ठ नागरिकका विषयमा भएका कानुनको कार्यान्वयन गर्ने र बाँकी कानुन बनाएर ज्येष्ठ नागरिकको जीवन सुरक्षित र सम्मानित बनाउन आवश्यक भएको देखिन्छ। ज्येष्ठ नागरिकको जीवनलाई सुरक्षित र सम्मानित बनाउन ज्येष्ठ नागरिक प्रति सरकार थप जिम्मेवार हुन जरुरी छ। सांसदले विकास निर्माण भन्दा कानुन बनाउने काममा बढी लाग्नुपर्ने मेरो बुझाई छ। विकास निर्माणको काम तीन तहका सरकारको जिम्मेवारी भएको कुरा जनतालाई बुझाउन आवश्यक भएको महसुस मैले गरेको छु। राष्ट्रिय सभाका सकारात्मक पक्ष सभा तोकिएको ठिक समयमा चल्नु, सञ्चालन हुनु र बैठकको मासिक तालिका, क्यालेन्डर बनाएर सभालाई मर्यादित रूपमा सञ्चालन गरिनु, हरेक विधेयकमा व्यापक छलफल सहित सर्व सहमति सहमतिमा निर्णय पास हुनु आदि राम्रा पक्षहरू हुन्। यस्तै आधिकारिक पोसाकमा उपस्थिति हुनु। सभा सञ्चालनमा सभा सदस्यहरूले अध्ययन अनुसन्धान र विषयको जानकारी राख्न नियमित छलफल अन्तरक्रिया र प्रशिक्षण आवश्यक छ किनकी सबै व्यक्ति सबै विषयमा जानकार हुँदैनन्। विधायीका प्रक्रियामा सरकारको भूमिका सामान्य नै हो। दलीय व्यवस्थामा दलको सङ्ख्या अनुसार पाएको समयमा सदस्यहरूले समय सापेक्ष र विषयवस्तु उठान गर्ने राम्रै भूमिका निभाएको मलाई लागेको छ। विधेयकहरूमा संशोधन हालेर छलफल गरि समृद्धि कानुन बनाउने भूमिकामा सबैको सक्रिय सहभागिता हुने गरेको छ। समितिका काम प्रभावकारी नै भएको मेरो बुझाई छ। मेरो छ वर्षको कार्यकालमा सचिवालयको भूमिका सहयोगी नै रहेको मैले पाएकी छु। सचिवालयमा सीमित बजेट र जनशक्ति नहुँदा जति काम गर्नु पर्थ्यो त्यति काम नभएको धन्यवाद।

(१४:३२ बजे) **पुनः पीठासीन**: सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहाल।

(१४:३६ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, माननीय सदस्यहरूले अनुभव प्रस्तुत गर्ने क्रम आगामी बैठकमा समेत जारी रहने बेहोरा जानकारी गराउँदछु। माननीय सदस्यहरू, अब कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयसँग सम्बन्धित प्रश्नोत्तरको कार्यक्रम प्रारम्भ हुन्छ। माननीय सदस्यहरू, अब म माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री अनिल कुमार सिन्हालाई माननीय सदस्यले सोध्ने प्रश्नको जबाफ दिनको लागि रोस्टममा आउन आग्रह गर्दछु। माननीय सदस्यहरू, अब प्रश्नकर्ता मदन कुमारी शाह गरिमालाई आफ्नो प्रश्न सोध्न समय उपलब्ध गराउछु।

(१४:३७ बजे) **माननीय श्री मदन कुमारी शाह "गरिमा" (नेपाल कम्युनिस्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्षज्यू, सम्माननीय अध्यक्षज्यूमार्फत कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका माननीय मन्त्रीज्यूलाई मेरो प्रश्न यसप्रकार रहेको छ, संविधानको पूर्णतः कार्यान्वयनका लागि संघले बनाउनुपर्ने कानुन कति छन् ? ती मध्ये कति र कुन-कुन कानुन बने ? कति र के-के बन्न बाँकी छन् ? बनेका कानुन कार्यान्वयन गर्न आवश्यक प्रत्यायोजित विधायन कति र कुन-कुन बनेका छन् ? प्रत्यायोजित विधायन बन्न बाँकी छन् भने ती कति छन् ? र कुन-कुन हुन ? धन्यवाद।

(१४:३८ बजे) **सम्माननीय अध्यक्षः**- माननीय मन्त्रीज्यू।

(१४:३८ बजे) **माननीय संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री अनिल कुमार सिन्हाः**- सम्माननीय अध्यक्षज्यू, माननीय सदस्यज्यूहरू, नेपालको संविधान जारी भएसँगै संविधान कार्यान्वयनका लागि बनाउनुपर्ने कानुनहरूको पहिचान, प्राथमिकीकरण तथा कानुन निर्माणको कार्यलाई नेपाल सरकारले उच्च प्राथमिकताकासाथ सम्पादन गर्दै आइरहेको छ। नेपालको संविधान जारी भएपछि हालसम्म १४६ वटा छुट्टाछुट्टै ऐनहरू जारी भएको अवस्था छ। यसैगरी, मौजुदा ऐनहरूलाई नेपालको संविधान अनुकूल बनाउन तथा संघीय शासन प्रणाली बमोजिम सुधार गर्न विभिन्न मितिमा केही नेपाल ऐनलाई संशोधन गर्ने ऐनहरू जारी भएका छन्। यसैगरी, विभिन्न मितिमा जारी भएका केही नेपाल ऐनलाई संशोधन गर्ने ऐनहरूबाट प्रचलित ऐनहरूलाई नेपालको संविधान र संघीयता अनुकूल बनाइएको छ। प्रचलित नेपाल ऐनहरूमा गर्नुपर्ने सुधार तथा परिमार्जनको लागि कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले नेपाल सरकारका अन्य मन्त्रालयहरूसँग आवश्यक समन्वय समेत गर्दै आएको छ। विभिन्न मितिमा जारी भएका केही नेपाल ऐनहरू र यसबाट संशोधन गरिएका ऐनहरूको विवरण देहाय बमोजिम रहेको छन्।

संशोधन गर्ने ऐनको नामः केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ यस अन्तर्गत १९३ वटा ऐनहरूको संशोधन भएको यो प्रमाणीकरण ७२/११/१३ मा।

केही नेपाल कानुनलाई संशोधन एकीकरण, समायोजन र खारेज गर्ने ऐन २०७४ : यसले ३६ वटा ऐन संशोधन र १५ वटा ऐन खारेज गरिएको थियो र यसको प्रमाणीकरण मिति २०७४/६/३०।

केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७५: यसबाट ५४ वटा ऐन संशोधन र एक वटा ऐन खारेजी भएको थियो। यो ७५/११/१९ मा प्रमाणीकरण भएको हो थियो।

संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन: २०७५ यसबाट १०४ वटा ऐन संशोधन र पाँच वटा ऐन खारेजी भएको थियो। यसमा २०७५/११/१९ मा प्रमाणीकरण भएको थियो।

यस्तै मुलुकी संहिता सहित सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ यसमा ५ वटा ऐन संशोधन भएको थियो र ७६/०१/०२ मा प्रमाणीकरण भएको थियो।

शिक्षा सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन ८ वटा ऐन संशोधन यसबाट भएको र यो २०७७/०३/११ मा प्रमाणीकरण।

यौन हिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्ने ऐन, २०७९: यसबाट तीन वटा ऐन संशोधन भएको र प्रमाणीकरण २०७९/३/३१ मा।

फौजदारी कसुर तथा कार्यविधि सम्बन्धी केही ऐन संशोधन गर्न बनेको ऐन, २०७९ यसबाट ५ वटा ऐनहरूमा संशोधन भएको र २०७९/३/३१ मा यो प्रमाणीकरण भएको छ।

यस्तै मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८०: यसबाट ४ वटा ऐन संशोधन भएको र २०८०/४/१२ मा प्रमाणीकरण भएको हो।

सम्पत्ति शुद्धीकरण निवारण तथा अन्य केही ऐनलाई संशोधन गर्न बनेको ऐनबाट १९ वटा ऐन संशोधन भएको र २०८०/१२/३० मा यो प्रमाणीकरण भएको छ।

लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८१: यसबाट ७ वटा ऐन संशोधन भएको छ र यो २०८१/०३/२४ मा प्रमाणीकरण भएको छ।

सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८१ बाट तीन वटा ऐन संशोधन १ वटा खारेज भएको यो २०८१/१२/१८ मा प्रमाणीकरण भएको छ।
यस्तै,

नेपाल आर्थिक तथा व्यवसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी ऐनलाई संशोधन गर्ने ऐन, २०८१ बाट ११ वटा ऐन संशोधन भएको र २०८१/१२/१८ मा यो प्रमाणीकरण भएको थियो भने केही नेपाल ऐन संशोधन गर्ने ऐन २०८२ बाट ७९ वटा ऐन संशोधन र २ वटा खारेजी गरिएको यो प्रमाणीकरण २०८२/४/१४ मा भएको छ। यसैगरी, नेपालको संविधान बमोजिम मौलिक हक कार्यान्वयनको लागि बनाउनु पर्ने विभिन्न १६ वटा ऐनहरू मिति २०७५/६/२ मा नै जारी गरिएको र मौलिक हकसँग सम्बन्धित ऐन कार्यान्वयनको लागि बनाउनुपर्ने नियमावलीहरू समेत बनाइ सकिएको अवस्था छ। सो मध्ये आवासको अधिकार सम्बन्धी ऐनमा रहेको व्यवस्थालाई कार्यान्वयन गर्नको लागि सम्बन्धित मन्त्रालयले नियमावलीको मस्यौदा तयार गरि नेपाल सरकार मन्त्रिपरिषदमा पेस गरेकोमा नयाँ सरकार गठन भएको परिवर्तित सन्दर्भमा उक्त नियमावलीको मस्यौदा सहित प्रस्ताव सम्बन्धित मन्त्रालयमा फिर्ता हुन आएको छ। सो मस्यौदा पुनः अगाडि बढाउने सन्दर्भमा सम्बन्धित मन्त्रालयबाट अर्थ मन्त्रालयको सहमति माग गरिएको छ। यसैगरी, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले मेलमिलाप ऐनलाई संशोधन गर्न बनेको विधेयक र मुलुकी संहिताहरूलाई संशोधन गर्न बनेका विधेयकहरू संघीय संसदमा पेस गर्ने स्वीकृतिको लागि नेपाल सरकार मन्त्रिपरिषदमा प्रस्ताव पेस गरेकोमा नयाँ सरकार गठन भएको परिवर्तित सन्दर्भमा उक्त विधेयकहरूको मस्यौदा सहितको प्रस्ताव यस मन्त्रालयमा फिर्ता आएकोमा पुनः पेस गर्ने सम्बन्धमा तयारी भइ रहेको अवस्था छ। मुलुकी अपराध संहिता र मुलुकी फौजदारी संहिता संशोधनको मस्यौदा उपर महान्यायाधिवक्ताको कार्यालयको राय सुझावको लागि सो कार्यालयमा पठाइएको छ।

यसैगरी, निःशुल्क कानुनी सहायता सम्बन्धी विधेयक, कानुन व्याख्या सम्बन्धी ऐनलाई संशोधन गर्न बनेको विधेयक लगायतका विधेयकहरूको मस्यौदा तयार गरी राय तथा परामर्श चरणमा रहेका छन्। नेपालको संविधान बमोजिम बनाउनुपर्ने कतिपय विधेयकहरूको मस्यौदा तयार गरि संघीय संसदमा पेस गरिएकोमा प्रतिनिधि सभा विघटन भएको कारण विद्यालय शिक्षा सम्बन्धी कानुनलाई संशोधन र एकीकरण बनेको विधेयक, संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरूका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, नेपाल प्रहरी विधेयक, २०८१ सशस्त्र प्रहरी बल नेपाल विधेयक, २०८१ भूमि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८२, बालबालिका सम्बन्धी पहिलो संशोधन विधेयक, २०८२ लगायतका ३० वटा विधेयकहरू निष्क्रिय हुन पुगेको अवस्था छ। यसैगरी, सम्बन्धित मन्त्रालयबाट नयाँ विधेयक निर्माणका लागि नेपाल सरकार मन्त्रिपरिषदबाट सिद्धान्त स्वीकृतिका लागि सहमति माग भएकोमा यस मन्त्रालयबाट सहमति प्रदान गरिएको, साथै

विधेयक तर्जुमाका लागि सहमति माग भई प्राप्त भएका मस्यौदामा तर्जुमा सहमति समेत प्रदान गरि सकिएको हुँदा त्यस्ता विधेयकहरू संघीय संसदमा क्रमशः पेस हुँदै जाने बेहोरा अनुरोध गर्दछु। विधायन ऐन, २०८१ जारी भएपछि सो ऐनको दफा ३ को उपदफा (१) बमोजिम संघीय संसदमा पेस गरिने १२१ वटा विधेयकको प्राथमिकताक्रम सहितको सूची समेत संघीय संसदमा मिति २०८२/३/३२ मा पेस गरिएको अवस्थामा प्रतिनिधि सभाको विघटनको कारण सो प्राथमिकता बमोजिम केही विधेयकहरूको मस्यौदा कार्य अगाडि बढेको र धेरै विधेयकहरूको मस्यौदा तयारी काम अगाडि बढ्न सकेको छैन। नेपालको संविधान बमोजिम बनाउनुपर्ने कानुनको निर्माण तथा परिमार्जनको विषयलाई राज्यले उक्त प्राथमिकताका साथ अगाडि बढाइरहेको सन्दर्भमा संविधान बमोजिम बनाउन बाँकी कानुनलाई समेत संघीय संसदमा विधेयक पेस गरिने बेहोरा समेत अनुरोध गर्दछु।

**(१४:४५ बजे)** **सम्माननीय अध्यक्षः-** अब प्रश्न कर्ता माननीय सदस्यलाई पूरक प्रश्न सोध्न चाहनुहुन्छ भने आफ्नो प्रश्नसँग सम्बन्धित विषयमा केन्द्रित र एक मिनेट भित्र पूरक प्रश्न सोध्न समय उपलब्ध गराउछु।

**(१४:४६ बजे)** **माननीय श्री मदन कुमारी शाह "गरिमा" (नेपाल कम्युनिस्ट पार्टी, एकीकृत समाजवादी):-** धन्यवाद माननीय मन्त्रीज्यू, जबाफको लागि। तर अझै मैले सुरुमै सोधेको प्रश्नको उत्तर आएन कि भन्ने लाग्यो संविधानको पूर्ण कार्यान्वयनका लागि संघले बनाउनु पर्ने कानुन सङ्ख्यामा कति हुन् भन्ने प्रश्न ठोस जबाफ आएन अङ्कमा, वास्तविक अङ्क थाहा पाउनु पाए हुन्थ्यो भन्ने लागेको छ। यसैगरी, यस सभाले पटक-पटक कानुन बनाउनको लागि निर्देशनहरू दिएको छ, तर यहाँको रिपोर्टमा ती कानुनहरू कोही परेको मैले पाइन किन ? भन्ने प्रश्न गर्न चाहन्छु। धन्यवाद।

**(१४:४६ बजे)** **सम्माननीय अध्यक्षः-** माननीय मन्त्रीज्यू।

**(१४:४६ बजे)** **माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री अनिल कुमार सिन्हाः-** सम्माननीय अध्यक्षज्यू, यो जम्मा बनाउनु पर्ने सङ्ख्याको सम्बन्धमा केही त्यहाँनिर माथि, तल परेको जस्तो अवस्था देखिएका थिए बिच बिचमा त्यहाँनिर सङ्ख्यात्मक हिसाबले एक पटक त्यहाँ तयारी गरिएको अवस्थाहरू देखिएका छन्। तथापि, अहिलेसम्म भनेका सम्पूर्णतामा हेर्दाखेरि हाल सम्म संघीयस्तरमा जारी भएको कानुनहरू कानुन मन्त्रालयको अभिलेख हेर्दाखेरि ३५५ वटा, नियमावली र नियमहरू ३२५ वटा, गठन आदेशहरू, ६६ वटा, निर्देशिका १३४, कार्यविधिहरू २५० र जम्मा

गर्दाखेरि ११३० वटा जम्मा भइसकेको अवस्था मैले यहाँ अनुरोध गर्न चाहे।र यस अन्तर्गत यहाँ कतिपय कानुनहरू त्यहाँ निर्माण गर्दाखेरिको अवस्थामा आवश्यक भएका र नभएकाहरू पनि त्यहाँ केही अभिलेखहरू देखिएका छन् मैले यो १२१ वटा विधेयकको यो प्राथमिकताक्रम अनुसारको सुची संघीय संसदमा पेस भएको यो २०८२/०३/३२ को अभिलेखबाट देखिएको यहाँ जानकारी गराउन चाहन्छु।

(१४:४८ बजे) **<u>सम्माननीय अध्यक्ष</u>:-** माननीय सदस्यहरू, अब माननीय सदस्य मदन कुमारी शाह गरिमालाई आफ्नो अर्को प्रश्न सोध्न समय उपलब्ध गराउँछु।

(१४:४८ बजे) **<u>माननीय श्री मदन कुमारी शाह "गरिमा" (नेपाल कम्युनिस्ट पार्टी, एकीकृत समाजवादी)</u>:-** सम्माननीय अध्यक्षज्यू, सम्माननीय अध्यक्षज्यूमार्फत, म कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका माननीय मन्त्रीज्यूलाई प्रश्न गर्न चाहन्छु।विधायन ऐन, २०८१ को दफा २४ अनुसार प्रत्यायोजित विधायन स्वीकृत भएपछि त्यस्तो विधायन स्वीकृत गर्ने निकायबाट प्रमाणीकरण भइ प्राप्त भएको मितिले सात दिनभित्र सम्बन्धित मन्त्रालय वा निकायले कानुन मन्त्रालयमा दर्ता गर्न पठाउनु पर्नेछ।त्यसरी प्रत्यायोजित विधायन कानुन, मन्त्रालयले दर्ता गरि दर्ता नम्बर प्रदान गर्नु पर्नेछ, भनिएको छ।विधायन ऐन, २०८१ को यस दफा बमोजिम कानुन न्याय तथा संसदीय मन्त्रालयमा कति र कुन-कुन प्रत्यायोजित विधायनहरू दर्ता र कति प्रकाशन भएका छन् ?धन्यवाद।

(१४:४८ बजे) **<u>सम्माननीय अध्यक्ष</u>:-** माननीय मन्त्रीज्यू।

(१४:४९ बजे) **<u>माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री अनिल कुमार सिन्हा</u>:-** सम्माननीय अध्यक्षज्यू, माननीय सदस्यज्यूहरू विधायन ऐन, २०८१ जारी भएपश्चात् सो ऐन कार्यान्वयनको लागि यस मन्त्रालयबाट मिति २०८१/१२/४ मा सबै मन्त्रालयलाई परिपत्र गरि सोही विषयमा यस मन्त्रालयले सबै मन्त्रालयका प्रतिनिधिहरूसँग ऐन कार्यान्वयनका सन्दर्भमा छलफल तथा अन्तरक्रिया समेत गरेको थियो।सोही बमोजिम सम्बन्धित मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरूका सम्बन्धमा समय समयमा यस मन्त्रालयको तर्फबाट आवश्यक समन्वय समेत गरिदैं आएको छ।विधायन ऐन, २०८१ मा भएको व्यवस्था बमोजिम सम्बन्धित मन्त्रालय वा निकायबाट जारी भएको प्रत्यायोजित विधायन यस मन्त्रालयमा दर्ता गरि दर्ता नम्बर प्राप्त पश्चात् सम्बन्धित मन्त्रालय

वा निकायको वेबसाइटमा प्रकाशित गर्नुपर्ने व्यवस्था भएबमोजिम तत् तत् मन्त्रालय वा निकायहरूबाट उक्त व्यवस्था कार्यान्वयन भइरहेको छ।

यसैगरी, सो विषयका सम्बन्धमा सम्बन्धित मन्त्रालयलाई मिति २०८२/०९/१६ मा पुनः ध्यानाकर्षण समेत गराइएको छ र हालसम्म देहाय बमोजिमको सङ्ख्यामा प्रत्यायोजित विधायन दर्ताको लागि प्राप्त भइ दर्ता नम्बर प्रदान गरि सकिएको छ। नियमावलीमा ८ वटा, प्रत्यायोजित विधायनको प्रकृतिका नियमावलीमा ८ वटा, विनियमावलीमा ८ वटा, कार्यविधिमा ४५ वटा, निर्देशिका १४ वटा, मापदण्ड १ वटा। यसरी कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले प्रत्यायोजित विधायन दर्ता गरी दर्ता नम्बर प्रदान गरिसकेपछि सम्बन्धित मन्त्रालय वा निकायले आफ्नो वेबसाइटमार्फत त्यस्तो प्रत्यायोजित विधायनहरू प्रकाशित गर्दै आएका छन्। विधायन ऐन जारी हुनुपूर्व जारी भएका प्रत्यायोजित विधायनहरू सोही ऐनको दफा ३५ बमोजिम ऐन जारी भएको एक वर्ष भित्र अनिवार्य रूपमा दर्ता गरि प्रकाशन गर्नुपर्ने व्यवस्थाका सम्बन्धमा समेत कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले सम्बन्धित मन्त्रालयलाई ध्यानाकर्षण गराइरहेको छ र यस सम्बन्धित मन्त्रालयबाट प्रत्यायोजित विधायन दर्ताका लागि निरन्तर रूपमा आउने क्रम जारी रहेको बेहोरा समेत अनुरोध गर्दछु।

(१४:५१ बजे) **सम्माननीय अध्यक्षः-** अब प्रश्न कर्ता माननीय सदस्यलाई पूरक प्रश्न सोध्न चाहनुहुन्छ भने आफ्नो प्रश्नसँग सम्बन्धित विषयमा केन्द्रित रही १ मिनेट भित्र पूरक प्रश्न सोध्न समय उपलब्ध गराउँछु।

(१४:५१ बजे) **माननीय श्री मदन कुमारी शाह "गरिमा" (नेपाल कम्युनिस्ट पार्टी, एकीकृत समाजवादी):-** सम्माननीय अध्यक्षज्यू, म सर्वप्रथम त सम्माननीय अध्यक्षज्यूमार्फत, मन्त्रीज्यूलाई धेरै-धेरै धन्यवाद दिन चाहन्छु। मेरो जिज्ञासा अर्थात् पूरक प्रश्न यसप्रकार रहेको छ। प्रत्यायोजित विधायन चैत्र २ गतेसम्म कानुन, न्याय तथा संसदीय मामिलामा मन्त्रालयमा दर्ता गरिसक्नुपर्ने अन्तिम मिति रहेको छ। यदि यहाँको जुन डाटा यहाँ प्रस्तुत भएको छ, त्यसअनुसार त चैत्र २ गते होला जस्तो चै व्यक्तिगत रूपले मलाई लागिरहेको छैन। यदि दर्ता नभयो भने त्यसपछि आउने जुन कानुनी खालिपन छ, त्यसको लागि सरकारले के सोचिरहेको छ ? धन्यवाद।

(१४:५१ बजे) **सम्माननीय अध्यक्षः-** माननीय मन्त्रीज्यू।

(१४:५२ बजे) **<u>माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री अनिल कुमार सिन्हा</u>:-** सम्माननीय अध्यक्षज्यू, विधायन ऐन, २०८१ आएपछि दर्ता हुन आएका निर्देशिका र कार्यविधिहरू यो चैत्र २ गतेसम्म यसको लागि विधायन दर्ताको लागि अवधि तोकिएको अवस्था छ। यदि त्यो समयमा पहिलो कुरो त हामीहरूले मन्त्रालयको स्तरबाट अनवरत रूपमा यसलाई हामीहरूले छलफल गरिराखेको अवस्थाहरू पनि छ, मन्त्रालयसँग सम्पर्कमा रहेको अवस्थाहरू पनि छन्। यदि कुनै कारणले त्यो समय सम्ममा यदि दर्ता हुन नआएको अवस्थामा पुनः तिनिहरूको लागि अनि छुट्टै प्रक्रिया चाल्नुपर्ने अवस्था भएको कारणले गर्दाखेरि पुनः त्यसको लागि यो नियमावलीहरू, यो प्रत्यायोजन विधायनहरूलाई पुनर्लेखन गर्नुपर्ने अवस्था पनि पर्न सक्ने अवस्था समेत यहाँ म यस सदनलाई जानकारी गराउन चाहन्छु र यसको निमित्त मन्त्रालयले आवश्यक तयारी समेत गरिराखेको अवस्थाहरू पनि छ।

(१४:५३ बजे) **<u>सम्माननीय अध्यक्ष</u>:-** अब माननीय मन्त्रीज्यूलाई आसन ग्रहण गर्न अनुरोध गर्दछु। माननीय सदस्यहरू, अब विधायन व्यवस्थापन समितिका माननीय सभापति तुलसा कुमारी दाहाललाई सामाजिक सञ्जाल विधेयक, २०८१ सम्बन्धी विधायन व्यवस्थापन समितिको प्रतिवेदन पेस गर्न समय उपलब्ध गराउँछु।

(१४:५३ बजे) **<u>माननीय विधायन व्यवस्थापन समितिका सभापति श्री तुलसा कुमारी दाहाल</u>:-** सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभाको संवत् २०८२ साल भदौ १३ गते बसेको बैठकले राष्ट्रिय सभामा उत्पत्ति भएको सामाजिक सञ्जाल विधेयक, २०८१ माथि दफावार छलफलको लागि यस समितिमा पठाएको थियो। यस विधेयक उपर ३५ जना माननीय सदस्यहरूले १५५ वटा बुँदामा संशोधन प्रस्ताव दर्ता गराउनु भएको थियो। समितिको बैठकमा यस विधेयक सम्बन्धी कार्यसूचीमा आधारित भएर छलफल नभए तापनि विधेयक प्रस्तोता सञ्चार तथा सूचना प्रविधि मन्त्री, मन्त्रालयका सचिव सहितका कर्मचारीहरूसँग विभिन्न चरणमा अनौपचारिक छलफल भएको थियो। नेपाल सरकार मन्त्रिपरिषदको संवत् २०८२ साल माघ २० गतेको निर्णय बमोजिम सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको संवत् २०८२ साल माघ २१ गतेको पत्रमार्फत् प्रस्तुत विधेयक फिर्ताका लागि लेखि आएकोमा राष्ट्रिय सभाको २०८२ साल माघ २३ गते बसेको बैठकमा सरकारकातर्फबाट विधेयक फिर्ता माग्ने प्रस्ताव प्रस्तुत भइ राष्ट्रिय सभाबाट समितिलाई प्रतिवेदन पेस गर्न निर्देश भएको थियो। सम्माननीय अध्यक्ष महोदय, सम्माननीय अध्यक्ष महोदयको अनुमतिले सभाको निर्देश बमोजिम सामाजिक सञ्जाल विधेयक, २०८१ फिर्ता गर्ने सम्बन्धमा राष्ट्रिय सभा नियमावली,२०७५ को नियम

११६ बमोजिम फिर्ता हुन समितिद्वारा संवत् २०८२ साल माघ २५ गते पारित सामाजिक सञ्जाल विधेयक, २०८१ सम्बन्धी प्रतिवेदन यस सम्मानित सभा समक्ष पेस गर्दछु। धन्यवाद।

(१४:५५ बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू, नेपालको संविधानको धारा ११२ र राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ११६(५) बमोजिम सम्माननीय प्रधानमन्त्री एवं सञ्चार तथा सूचना प्रविधि मन्त्री सुशीला कार्कीको तर्फबाट माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री अनिल कुमार सिन्हाले मिति २०८२ माघ २३ गतेको राष्ट्रिय सभाको बैठकमा प्रस्तुत गर्नुभएको सामाजिक सञ्जाल विधेयक, २०८१ फिर्ता गरियोस् भन्ने प्रस्ताव माथि कुनै पनि माननीय सदस्यहरूबाट विरोध नभएको हुँदा उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्छु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्य "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्य "हुन्न" भन्नुहोस्।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ, राष्ट्रिय सभामा विचाराधिन सामाजिक सञ्जाल विधेयक, २०८१ फिर्ता गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भइ सभाबाट सामाजिक सञ्जाल विधेयक, २०८१ फिर्ता भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब माननीय संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री अनिल कुमार सिन्हालाई विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहित पर्यटन विधेयक, २०८१ माथि छलफल गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु।

(१४:५७ बजे) **माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री अनिल कुमार सिन्हाः-** सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहित पर्यटन विधेयक, २०८१ माथि छलफल गरियोस् भन्ने प्रस्ताव यस सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु। धन्यवाद।

(१४:५८ बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू, अब उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु। यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले हुन्छ भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नु होला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ” भन्नुहोस्।

-“हुन्छ”

यो प्रस्तावको विपक्षमा हुने मान्य माननीय सदस्यले “हुन्न” भन्नुहोस्।

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ, विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहितको पर्यटन विधेयक, २०८१ माथि छलफल गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहितको पर्यटन विधेयक, २०८१ माथि छलफल प्रारम्भ हुन्छ। छलफलमा समितिको प्रतिवेदन र सो सम्बन्धी विधेयकका दफाहरू तथा आनुषङ्गिक अन्य दफाहरूमा मात्र छलफल गर्न सकिने बेहोरा माननीय सदस्यहरूलाई जानकारी गराउँदछु। उक्त छलफलमा बोल्न चाहानुहुने माननीय सदस्यहरूले आ-आफ्नो नाम २ मिनेटभित्र उपलब्ध गराइ दिनुहुन अनुरोध गर्दछु। छलफलमा भाग लिनु हुने प्रत्येक माननीय सदस्यलाई ३ मिनेटको समय निर्धारण गरेको छु। छलफलमा भाग लिने माननीय सदस्यहरूले रोस्टममा आएर बोल्नुहुन अनुरोध गर्दछु। माननीय सदस्य सोनाम गेल्जेन शेर्पा माननीय सदस्य माथि रोस्टममा आएर बोल्नुहोस्।

(१५:०० बजे) **माननीय श्री सोनाम गेल्जेन शेर्पा (नेपाल कम्युनिस्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, आज यो २०३५ को पर्यटन ऐनलाई संशोधन र एकीकरण गर्ने पर्यटन विधेयक, २०८१ आएको छ। यो सन्दर्भमा म केही कुरा राख्न चाहन्छु। र यो ऐनले केही न केही भए पनि एउटा नयाँ परिवर्तन ल्याउँछ भन्ने हामीले आशावादी छौं। यस विषयमा मन्त्रीज्यूले जुन किसिमले पोजिटिभ रोल निर्वाह गर्नुभएको छ, पर्यटन मन्त्रीज्यूलाई म आभार व्यक्त गर्दछु। यसले हिमालमा भइरहेको क्लाइमेट चेन्जलाई पनि केही न केही रूपमा सम्बोधन गरेको छ र क्लाइमेट चेन्जलाई सम्बोधन भन्दाखेरि पनि त्यो हिमाल नेपालमा हुने एक्टिभिटीहरूलाई कानुनी रूपमा मध्यनजर राखेर कसरी एक्टिभिटी गराउने भन्दाखेरि त्यसले क्लाइमेट चेन्जलाई पनि केही न केही भए पनि साघाउ पुऱ्याउने कुरामा म आशावादी छु। यसले संघीयता कार्यान्वयनमा पनि केही न केही भूमिका निर्वाह गरेको छ र संघीयता कार्यान्वयनमा कुन अधिकार कहाँ दिने, कुन दर्ता कहाँ गर्ने, स्थानीय तहमा, प्रदेश तहमा र केन्द्रीय तहमा कस्ता-कस्ता अधिकारहरू दिने भनेर पनि एउटा व्यवस्थापन गरेको छ यो पनि संघीय सबलीकरणको लागि राम्रो पक्ष हो, जस्तो मलाई लागेको छ। हामीले छलफल गर्दाखेरि सरोकारहरू राखेर जुन किसिमले छलफल गरेको छौं सरोकारवालाहरू राखेर छलफल गर्ने यो नितान्त आवश्यकता हो र यो छलफलले

यो कानुनलाई राम्रो खालको, एउटा मजबुत र अपनत्व स्वीकार गर्ने एउटा अवसर पनि मिलेको हामीले आभास हामीले दिलाउन सकेका छौं। यसले गर्दाखेरि राष्ट्रिय सभाका विधायन समितिका सभापतिज्यू लगायत सम्पूर्ण सदस्यज्यूहरू र छलफलमा भाग लिनुहुने सम्पूर्ण माननीयज्यूहरू प्रति पनि म आभार व्यक्त गर्दछु।

यो हिमालमा मात्र नभईकन हिमालमा हिउँ पग्लिने समस्या देखि लिएर सबै कुरालाई पनि यो एक्टिभिटीहरूको यो कानुनले एक्टिभिटीहरूलाई समेट्दाखेरि यसले एउटा राम्रो खालको परिणाम ल्याउँछ जस्तो लागेको छ। होटेल व्यवसायहरूलाई पनि यो होटेल व्यवसायी देखि लिएर क्यासिनो व्यवसायहरूलाई पनि यसले चाहिँ एउटा नियन्त्रण मुखी भन्दा पनि एउटा नियन्त्रण र यसलाई कन्ट्रोलमुखी भन्दा पनि यसलाई व्यवस्थापन गर्नेतिर यो कानुनले एउटा राम्रो भूमिका निर्वाह गर्नेछ भन्ने कुरामा हामी सबै विश्वस्त छौ। र यसले भविष्यमा यो कानुन भन्ने कुरा कार्यान्वयनको पक्षमा राम्रो हुनुपर्छ र कार्यान्वयन मान्छेलाई नियमन भन्दा पनि अलिकति त्यसलाई अलिकति नियमन कन्ट्रोल मेकानिजम भन्दा पनि नियमन अलिकति राम्रोसँग गर्ने र त्यसलाई कन्ट्रोल मेकानिजम भन्दा बाहिर राख्न सकियो भने कानुन नेपालमा राम्रो खालको हाम्रो देशमा कानुन राम्रो कार्यान्वयन हुन्छ, जस्तो मलाई लागेको छ। धन्यवाद।

(१५:०२ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य सुरेश कुमार आलेमगर।

(१५:०३ बजे) **माननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिस्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्षज्यू, भरखर प्रस्तुत पर्यटन विधेयक, २०८१ माथि हामी छलफल गरिरहेका छौ। यो विधेयकले पर्यटनको बारेमा बोल्छ। पर्यटन र नेपाल, पर्यटनको कुरा गर्दा हिमाल बिना सायद पर्यटन नेपालमा सम्भव हुन्न जस्तो लाग्छ र सबभन्दा पर्यटनको विषयले सबभन्दा महत्वपूर्ण विषय हो हिमाल। यो हिमालको विषयलाई लिएर यो जुन विधेयक छ, त्यसको बारेमा निकै छलफलहरू चले र सिङ्गो पर्यटनको विषयमा पनि धेरै छलफलहरू चले र सरोकारवालाहरूको पनि उपस्थिति थियो। त्यस मध्ये कुन-कुन कारणले हामीले चाहिँ एउटा नाता नेपाल एसोसिएसन अफ ट्राभल एण्ड टुर्स एजेन्सी त्यसलाई मिस गरेका छौ। त्यो पनि टुर एण्ड ट्राभल्स एजेन्सीहरू पनि नेपाल यो पर्यटनको सन्दर्भमा नेपाल महत्वपूर्ण छन् र तिनका पनि केही कुराहरू थिए सायद हामीले सुन्न सक्थ्यौ होला। जे होस्, जे-जे भए तापनि तिनिहरूको कन्सर्नलाई पनि यसमा सम्बोधन गरिएको छ। नेपाल पर्वतारोहण संघको बारेमा धेरै छलफलहरू चले। सरोकारवालाहरूले त्यो बारेमा राखेर निकै सरकारसँग त्यो बारेमा निकै

गरमागरम बहसहरू पनि भयो र अन्ततः माननीय मन्त्रीज्यूको एउटा पहलकदमीका कारण, पोजेटिभ पहलकदमीका कारण, त्यो विषय पनि सेफ ल्याण्डिङ भयो। हामी नेपाल पर्वतारोहण संघलाई यो ऐनमा समाविष्ट गर्न सफल भयौं। यद्यपि, उनीहरूले भने जस्तै र वास्तवमा नेपालको सन्दर्भमा नेपाल पर्वतारोहण संघको भूमिका जस्तो हुनुपर्ने हो त्यस्तो त यसमा भएको छैन। केही कमी कमजोरीहरू केही अपुग-नपुग अझैपनि छन् भन्ने मलाई लाग्दछ। तथापि, यो विधेयकमा जे जति कुराहरू ती बारेमा चाहिँ समेटिएका छन् जे जति विषयहरूलाई यो विधेयकले सम्बोधन गरेको छ, ती नेपालमा पर्यटनलाई अगाडि बढाउन सफल हुन्छन् भन्ने मलाई लाग्दछ र पर्यटनको सन्दर्भमा हिमाल, नेपाल पर्वतारोहण संघ, नेपाल माउन्टेन एसोसिएसनलाई पनि एउटा भूमिका यसले दिएको छ भन्ने मलाई लाग्दछ। यो पर्यटनका सन्दर्भमा मलाई व्यक्तिगत रुपमा के लागिरहन्छ भने मैले सधैं भन्ने गरेको छु। नेपालले यदि समृद्धि हासिल गर्दछ भने पर्यटन। जलविधुतका कुराहरू पनि आउँछन्। निश्चित रूपमा हो तर, त्यो चाहिँ धेरै खर्चिलो हुन्छ, पर्यटन धेरै खर्चिलो पनि हुँदैन।

प्रकृतिले नै हामीलाई धेरै-धेरै त्यस्ता सम्पदाहरू दिएका छन्। यस्तो चिजहरू हामीलाई दिएका छन्। जसलाई दोहन गरेर, जसलाई सहि सदुपयोग गरेर हामीले नेपालमा समृद्धि ल्याउन सक्छौ। नेपाललाई आर्थिक हिसाबले चाहिँ अगाडि बढाउन सक्छौ। त्यो दिशातर्फ, त्यो समृद्धि हासिल गर्ने दिशातर्फ यो विधेयकले एउटा महत्वपूर्ण भूमिका खेल्ने छ भन्ने कुरा राख्न चाहन्छु र अन्तमा, यो विधेयक तयार पार्नमा सहयोग गर्ने सबैलाई हार्दिक धन्यवाद दिँदै यो विधेयक पारित गरियोस् भन्ने कुरा राख्न चाहन्छु। धन्यवाद, अभिवादन।

(१५:०६ बजे) <u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय सदस्य किरण बाबु श्रेष्ठ।

(१५:०६ बजे) <u>**माननीय श्री किरण बाबु श्रेष्ठ (नेपाली काङ्ग्रेस)**</u> :- सम्माननीय अध्यक्ष महोदय, नेपालको आर्थिक विकासको प्रमुख आधार पर्यटन क्षेत्र, यो वास्तवमा धेरै बोल्दैन तर यसले धेरै दिन्छ। हिमालको मौनता, पहाडको हरियाली र तराईको उर्वरता जस्तै पर्यटन पनि शान्त देखिन्छ तर देशको अर्थतन्त्रलाई यसले निरन्तर चलायमान बनाइ राख्दछ। नेपालको पर्यटन कुनै कारखानाको धुवाँसँग होइन, प्रकृति, संस्कृति र आतिथ्यताको आत्मासँग जोडिएको छ। यहाँ पर्यटक केवल दृश्य हेर्न मात्रै आउँदैनन्। उनीहरू संस्कृति, आतिथ्यताको आत्मासँग जोडिन आउँछन्। र स्थानीयसँग संवाद गर्छन्। यही संवादबाट आम्दानी जन्मन्छ, रोजगारी सिर्जना हुन्छ र ग्रामीण अर्थतन्त्रमा जीवन सञ्चार हुन्छ। पर्यटन क्षेत्रको सबभन्दा ठुलो विशेषता भनेको बहुगुणात्मक प्रभाव हो। यसले पर्यटक आउँदा

होटेल मात्रै भरिने होइन। किसानको तरकारी पनि बिक्छ र हस्तकलाको पसल चल्छ। यातायात चलायमान हुन्छ। र पोर्टर कलाकारले श्रमको मूल्य पाउँछ। यसरी पर्यटनले शहर, गाउँ र औपचारिक अर्थतन्त्रको पुलको काम गर्दछ।

नेपालको अर्थतन्त्रको मेरुदण्डको रूपमा रहेको पर्यटनलाई व्यवस्थित, सुरक्षित, मर्यादित र दीर्घकालीन बनाउनका लागि प्रस्तावित पर्यटन विधेयक, २०८१ विधायन समितिले छलफल गरि प्रतिवेदन सहित यस सदनमा जुन प्रस्तुत गरेको छ। यो कानुनी दस्तावेज मात्रै नभई नेपालको प्राकृतिक र सांस्कृतिक सम्पदालाई अर्थतन्त्रसँग जिम्मेवारीपूर्वक जोड्ने राष्ट्रिय दृष्टिकोण बन्नेछ भन्ने पनि म विश्वास गर्दछु। प्रतिवेदन सहित यस सदनमा प्रस्तुत गरेकोमा म समितिले गरेको मेहनत र गम्भीरताप्रति धन्यवाद व्यक्त गर्न चाहन्छु। परिमार्जन सहित यस विधेयकलाई विधायन समितिले समय सापेक्ष र व्यवहारिक बनाएको छ। विधायन समितिबाट आएको प्रतिवेदनको सम्मान गर्दै यो विषयहरू कार्यान्वयन चरणमा सम्बोधन गरिने स्पष्ट प्रतिबद्धता सहित यस प्रतिवेदनलाई पारित गरिनु उपयुक्त हुन्छ भन्ने म धारणा राख्दछु। वास्तवमा यो निजी क्षेत्रलाई पनि यसले स्वीकार गरेको छ र निजी क्षेत्र मात्र हैन, सरकारले पनि आफ्नो उत्तरदायित्वलाई अझ प्रस्ट पार्नु पर्दा नीतिगत स्थिरता र सरल प्रक्रिया र विश्वसनीय आधार गुणस्तर सेवा (.....समय सकिएको।)

**(१५:०९ बजे)** **सम्माननीय अध्यक्षः-** माननीय सदस्य रुकमिणी कोइराला।

**(१५:१० बजे)** **माननीय श्री रुकमिणी कोइराला (नेपाल कम्युनिस्ट पार्टी, एमाले):-** सम्माननीय अध्यक्षज्यू, नेपालमा पर्यटनसम्बन्धी व्यवसाय ट्राभल ट्रेकिङ, पर्वतारोहण, पथप्रदर्शक, साहसिक खेल, पर्यटन उद्धार, पर्यटकस्तरका होटेल, रिसोर्ट, लज, रेस्टुरेन्ट, बार आदिको इजाजत प्रक्रिया नवीकरण सम्बन्धी विषय व्यावसायिक रूपले पालना गर्नुपर्ने कर्तव्य र दायित्व सोको उल्लङ्घनमा दण्ड सजाय र विश्व पर्यटन बजारमा देखा परेका अन्य पर्यटन व्यवसायीलाई नियम, फोहोरमैला व्यवस्थापन गर्नुपर्ने तथा पर्यटकको हित, सुरक्षा र सुविधा अभिवृद्धि गर्न र पर्यटन क्षेत्रको तह बिच सहकार्य अभिवृद्धि गर्दै राष्ट्रिय अर्थतन्त्रमा पर्यटन क्षेत्रको योगदान र क्यासिनो इजाजत तथा नवीकरणीय रोयल्टी व्यवस्थापन राखिएको छ। यसले राष्ट्रिय अर्थतन्त्रमा परेका पर्यटन क्षेत्रको योगदान वृद्धि गर्न र पर्यटन सम्बन्धी कानुनलाई संशोधन गर्न खोजिएको देखिन्छ, यो धेरै राम्रो कुरा हो। यो लागु भएपछि पर्यटन क्षेत्रमा सुधार आउनेछ, त्यसैले म यो विधेयकलाई स्वागत र सम्मान पनि गर्न चाहन्छु र यो विधेयकमा छलफल भइराख्दा सरोकारवालाको पनि सहभागी रहेको र यसमा विधेयक प्रस्तुत गर्नु हुने

सभापतिज्यूलाई पनि धन्यवाद दिन चाहन्छु र सरोकारवाला पर्यटन संघ लगायतका अन्य सबैलाई धन्यवाद दिन चाहन्छु हस् त धन्यवाद। नमस्कार।

**(१५:१२ बजे) सम्माननीय अध्यक्षः-** माननीय सदस्य माया प्रसाद शर्मा।

**(१५:१२ बजे) माननीय श्री माया प्रसाद शर्मा (नेपाल कम्युनिस्ट पार्टी, माओवादी केन्द्र):-** सम्माननीय अध्यक्ष महोदय, यो विधेयक व्यापक छलफलबाट आएको छ र यसलाई सभापतिज्यूले बडो मेहनत गर्नुभएको छ र समितिका सदस्यहरूले पनि सभापति लगायत समितिका सदस्यलाई धेरै-धेरै धन्यवाद दिन चाहन्छु। र हामी संशोधनकर्तालाई पनि अवसर दिनुभएको छ, छलफलमा हाम्रा कुरा पनि सुन्नु भएको छ र समेट्नु भएको छ। त्यसकारण हामीलाई पनि धन्यवाद दिन चाहन्छु। अब यो विशेष गरेर आर्थिक उत्पादनका क्षेत्रमा हेर्ने हो भने कृषि, उद्योग र जलस्रोत हुन् र त्यो मध्येको सबभन्दा राम्रो उपयुक्त र सजिलो आफैं बन्न जाने पर्यटन उद्योग हो, पर्यटन व्यवसाय हो। यो एकदम अतिआवश्यक थियो। यसलाई कानुनी ढङ्गले व्यवस्थापन गर्नुपर्थ्यो। यो कानुनी ढङ्गले व्यवस्थापन गर्नुपर्ने अनिवार्य आवश्यकता थियो। नियमन गर्नुपर्थ्यो, यो जरुरी थियो र यो गरेको छ। अब उहाँहरूको कुरालाई मैले अन्यथा होइन। हाम्रो विदेशतिर हामी गयौ, घुम्यौ जाने माननीयज्यूहरूको अनुभवहरू सुन्यौ भने बनाएकाहरूलाई पर्यटन भन्ने चलन छ, हाम्रो आफैं बनेका छन्। सगरमाथा आफैं बन्यो हामीले कसैले दुःख गरेका छैनौ। रारा बनेको छ त्यो आफै बनेको छ। त्यसपछि गएर हामीले से-फोक्सुण्डो बनेको छ त्यो आफैं बनेको छ, कञ्चनजङ्गा आफै बनेको छ। त्यसपछि गएर विभिन्न धार्मिक स्थलहरू छन् जो हामी तिनी आफै बनेका छन्  र हामीले तिनलाई एकदम हाम्रो आत्मसाक्षीकरण गरेका छौं।

यस्ता तमाम खालका छन्, ताल बन्यो आफैं बनेको छ, त्यसलाई हामीले हेर्न गयौ भने पैसा आउँछ। यस कारणले सरकार पनि चल्ने देश पनि चल्ने, जनता पनि चल्ने। यो ३ वटा कुरा देशले सरकारले पैसा बाढ्न पाउने, जनताले विकास बाढ्न पाउने, जनताले सुविधा खान पाउने, यो स्थिति जो छ यो एकदम सजिलो परिस्थितिका बिचबाट सजिलो ढङ्गले उत्पादन गर्ने साधन हो, यसलाई बढी महत्व दिएर व्यापक छलफल सहित जसरी हामीले यसलाई पारित गर्नेतिर गएका छौ। उता समितिले पारित गरिसकेको छ, यसलाई हामीले पारित नगर्नका लागि कोही पनि तम्तयार छैन। गर्नको लागि हामी सबै तम्तयार छौं। यसकारणले यो विधेयक एक व्यापक ढङ्गले छलफल गरेर आएका कारणले

यो विधेयक प्रति कतै विमति, विसङ्गति र विरोध नभएका कारणले पास हुन्छ, भन्ने विश्वास सहित सबैले पास गर्नु हुनेछ भन्ने विश्वास सहित मेरो भनाइ अन्त्य गर्छु। धन्यवाद।

(१५:१४ बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्य पदम बहादुर परियार।

(१५:१५ बजे) **माननीय श्री पदम बहादुर परियार (नेपाली काङ्ग्रेस):-** सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभाको विधायन समितिमा दफाबार छलफल भएर आएको यो पर्यटन विधेयक, २०८१ सम्बन्धी जुन प्रतिवेदन छ, यसमा भाग लिइ रहँदाखेरि विधायन समिति र मन्त्रालयले ज्यादै प्राथमिकताकासाथ चासो राखेर जुन सबै खालका सरोकारहरू, विज्ञहरूलाई पनि राखेर यो प्रतिवेदन आएको छ, यो आफैंमा स्वागतयोग्य छ। यसले खासगरीकन ग्रामीण पर्यटनको कुरामा पनि यो प्रतिवेदनले राम्रोसँग छोएको छ। पर्यटनको विभिन्न पाटाहरू होटल व्यवसाय देखि लिएर, नेपाल प्रवर्तन संघको सवाल देखि लिएर, यता चाहिँ क्यासिनोको व्यवस्थापन देखि लिएर धेरै कुराहरूलाई यसले व्यवस्थापन गर्ने जमर्को गरेको छ, यो आफैंमा राम्रो छ।

सम्माननीय अध्यक्ष महोदय, खासगरीकन दुई, तीन वटा विषयमा प्रतिवेदनमा हामीले छलफल गर्दाखेरि पनि गर्न नसकिएको अथवा गर्न नचाहेको विषयहरू छन् खासगरीकन यो समावेशी सिद्धान्तको आधारमा राखिने छ, संरचनाहरूमा भनेर हामीले फ्ल्याटमा राख्ने गरेका छौं, तर हाम्रो अभ्यास सधैं समावेशी भनेर सधैं एकै खालको क्लस्टरबाट प्रतिनिधित्व गर्ने गरेको हाम्रो नराम्रो अभ्यास छ। यसलाई अलिकति भएपनि संशोधन गर्नुपर्छ भनेर हामीले छलफलको बेलामा त्यो कुराहरू राखेका छौं। ती कुराहरू रिपोर्टमा आएको छैन। अलिकति संरचनाको कुरा त्यो भयो। अर्को यो नेपालमा प्रचुर रूपमा यो धार्मिक पर्यटन र सांस्कृतिक पर्यटनको ठुलो सम्भावना छ। यो कुरालाई पनि अलि स्पिलसिटली लिएर आउन सक्नुपर्थ्यो त्यो कुरा आएको छैन। सबैभन्दा अचम्म मैले मान्नुपर्ने विषय
माननीय मन्त्रीज्यू यही अगाडी हुनुहुन्छ। सैद्धान्तिक छलफलको त्यो क्षण म सम्झिरहेको छु। माननीय मन्त्रीज्यूले एग्री गरेको एक्सेसिबल टुरिजमको कुरा जुन छ , पहुचयुक्त पर्यटनको कुरा मन्त्रीजीले नै बोल्नुभएको छ। त्यो कुरा पनि यो रिपोर्टमा पर्न सकेको छैन। यसले के देखाउँछ भने देखि विधायन समितिमा हामीले छलफल गरिरहँदाखेरि त्यसको रेकर्डिङ कसरी हुन्छ ? मन्त्रीज्यूको सचिवालयबाट त्यो कुराहरू कसरी आउँछ र कुनै सदस्य त्यो विधायन समितिको बैठकमा नभइ रहँदाखेरि विधायन समितिमा एग्री गरेको कुरा पनि प्रतिवेदनमा किन आउँदैन ? यो कुरा हामीले गम्भीर भएर सोच्नु पर्ने कुरा आएको छ, अन्य कुराहरूमा म सहमत छु। यो रिपोर्टलाई यद्यपि पहुँचुक्त पर्यटनको सन्दर्भमा

केही ठाउँमा हामीले एक, दुइटा व्यवस्थाहरू भने गर्न सकेका छौं। त्यो पनि राम्रो पक्ष छ। यति विचार राख्दै यो प्रतिवेदनलाई सकिन्छ, भने सुधारसहित, भएन भने पनि यस प्रतिवेदनलाई पास गर्नको लागि पनि प्रस्ताव गर्दछु। धन्यवाद।

(१५:१८ बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू, विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहितको पर्यटन विधेयक, २०८१ माथि छलफल गरियोस् भन्ने प्रस्ताव माथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ। माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री अनिल कुमार सिन्हालाई छलफलमा उठेका प्रश्नहरूको जबाफ दिन समय उपलब्ध गराउँछु।

(१४:१९ बजे) **माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री अनिल कुमार सिन्हाः-** सम्माननीय अध्यक्ष महोदय, यो मूल रूपमा समावेशितासम्बन्धी सिद्धान्तको कार्यान्वयन नभएको विषय आएको छ र यो कार्यान्वयनमा बढी मात्रामा मनोनयन गर्दाखेरिको अवस्थामा सरकारको भूमिका रहने भएको हुनाले बनेका सरकारहरूलाई अलिकति झकझक्याउनुपर्ने अवस्थाहरू यहाँनिर छन्। अर्को हरेक समितिहरू बन्दाखेरिको अवस्थामा जति ठुलो समिति बनाइयो त्यति ठुलो समितिको कार्यान्वयन काम गर्ने अवस्था, प्रकृतिहरू र त्यसलाई चाहिँ सहजतालाई पनि विचार गर्नुपर्ने कहिलेकाहीँ अवस्थाहरू पर्दोरहेछ। त्यसले गर्दाखेरि समिति बनाउँदाखेरिको सङ्ख्यात्मक हिसाबले अलि सानो समितिले जति बढता प्रभावकारी भूमिका निर्वाह गर्न सक्छ, त्यति ठुलो समितिले गर्न गाह्रो पर्दो रहेछ। तथापि, समावेशिताको हिसाबबाट मनोनयन गर्दाखेरि सरकार संवेदनशील हुनै पर्दछ, यो विषयमा म प्रतिबद्ध छु। धार्मिक पर्यटनहरूको सम्बन्धमा आएका कुराहरू त्यहाँनिर राखिएका छन् धार्मिक पर्यटनलाई पनि एक्सेसिबल टुरिजमको सम्बन्धमा यो पहुँचयुक्त पर्यटनलाई त्यहाँनिर स्पष्ट रूपमा त्यसको अनुसूचीमा समावेश नगरे पनि साहसिक पर्यटनको रूपमा यसलाई समावेश गरिएको कारणले गर्दाखेरि साहसिक पर्यटनभित्र यसको पनि व्यवस्था हुनसक्ने बेहोरा समेत जानकारी गराउन चाहन्छु।

(१५:२० बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू, विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहितको पर्यटन विधेयक, २०८१ माथि छलफल गरियोस् भन्ने प्रस्ताव माथिको छलफल यहीँ समाप्त हुन्छ।

माननीय सदस्यहरू, अब पर्यटन विधेयक, २०८१ का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि ७२ सम्म उल्लिखित संशोधनहरूलाई निर्णयार्थ प्रस्तुत

गर्दछु। यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्य "हुन्न" भन्नुहोस्।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्य हुन्छ भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस्।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ, पर्यटन विधेयक, २०८१ का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि ७२ सम्म उल्लिखित संशोधनहरू सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू अव, विधेयक, २०८१ का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि ७२ सम्म उल्लिखित संशोधन पर्यटन विधेयक, २०८१ को अङ्ग बनोस् भन्ने निर्णय प्रस्तुत गर्दछु। यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले हुन्छ भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने मानिसहरूले "हुन्न" भन्नुहोस्।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ, पर्यटन विधेयक, २०८१ का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि ७२ सम्म उल्लिखित संशोधन सर्वसम्मतिले पर्यटन विधेयक, २०८१ को अङ्ग बनेको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब विधेयकको दफा २ देखि ७४ सम्म र सोसँगै सम्बन्धित अनुसूची पर्यटन विधेयक, २०८१ को अङ्ग बनोस् भनि निर्णयार्थ प्रस्तुत गर्दछु। यो प्रस्तावको पक्षमा हुने माननीय सदस्य "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्य "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्य "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नु होला।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ, विधेयकको दफा २ देखि ७४ सम्म र सोसँग सम्बन्धी अनुसूची सर्वसम्मतले पर्यटन विधेयक, २०८१ को अङ्ग बनेको घोषणा गर्दछु। माननीय सदस्यहरू, अब विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु।

प्रस्तावनाः पर्यटन उद्योगको व्यवस्थापन, पर्यटकीय गतिविधिको प्रवर्धन तथा नियमन गर्न पर्यटकहरूको हित, सुरक्षा र सुविधा अभिवृद्धि गर्न तथा पर्यटन क्षेत्रको दिगो विकासका लागि संघ, प्रदेश र स्थानीय तह बीच सहकार्य अभिवृद्धि गर्दै, राष्ट्रिय अर्थतन्त्रमा पर्यटन क्षेत्रको योगदान वृद्धि गर्न, पर्यटन सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गरि समयानुकूल बनाउन वाञ्छनीय भएकोले संघीय संसदले यो ऐन बनाएको छ।

संक्षिप्त नाम र प्रारम्भ (१) यस ऐनको नाम पर्यटन ऐन, २०८२ रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले ३१औं दिन देखि प्रारम्भ हुनेछ।

माननीय सदस्यहरू, अब विधेयकको प्रस्तावना र नाम पर्यटन विधेयक, २०८१ को अङ्ग बनोस् भनि निर्णयार्थ प्रस्तुत गर्दछु। यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्य "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्य "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस्।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ, विधेयकको प्रस्तावना र नाम सर्वसम्मतिले पर्यटन विधेयक, २०८१ को अङ्ग बनेको घोषणा गर्दछु। माननीय सदस्यहरू, अब माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री अनिल कुमार सिन्हालाई पर्यटन विधेयक, २०८१ लाई पारित गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँदछु।

**(१५:२४ बजे) माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री अनिल कुमार सिन्हाः-** सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले पर्यटन विधेयक, २०८१ लाई पारित गरियोस् भन्ने प्रस्ताव यस सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु। धन्यवाद।

**(१५:२४ बजे) सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू, अब उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु। यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नु होला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस्।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ, पर्यटन विधेयक, २०८१ लाई पारित गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब राष्ट्रिय सभाको पूर्व सदस्य शुक्रराज संयोगको निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्दछु। विक्रम संवत् १९९३ साल पौष ७ गते ताप्लेजुङ जिल्लाको मैवाखोला आठ तामराङमा जन्मनुभएका राष्ट्रिय सभाको पूर्व सदस्य शुक्रराज संयोगको ८९ वर्षको उमेरमा मिति २०८२ साल माघ १९ गते निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ। नेपाली काङ्ग्रेस राष्ट्रिय सभा संसदीय दलका पूर्व सचेतक समेत रहनुभएका स्वर्गीय संयोग नेपाली काङ्ग्रेस पार्टीको तर्फबाट २०५४ सालमा राष्ट्रिय सभा सदस्यमा निर्वाचित हुनुभएको थियो। यो बैठक स्वर्गीय संयोगप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछ।

माननीय सदस्यहरू, उपरोक्त शोक प्रस्तावलाई पारित गरिदिनु हुन अनुरोध गर्दछु।

माननीय सदस्यहरू, उपरोक्त शोक प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब राष्ट्रिय सभाको पूर्व सदस्य शुक्रराज संयोगको निधन प्रति शोक व्यक्त गर्न उठेर एक मिनेट मौनधारण गरौं।

**(मौनधारण)**

धन्यवाद।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८२ साल माघ २८ गते बुधवार अपरान्ह १ बजेर १५ मिनेटमा बस्ने गरि यो बैठक यहीँ स्थगित हुन्छ।

(तदनन्तर, अर्को बैठक २०८२ साल माघ २८ गते बुधवार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक यहीँ स्थगित भयो।)

**स्थगितः १५:२८ बजे।**